# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**6th APRIL 2012**


| वर्ष- २९ | अङ्क- १२ | ल्हुति पुन्हि | चैत्र २०६८ |
|---|---|---|---|





चारैतिर आगो दन्दनी बलिरहेको छ । कसरी हाँस्ने र कसरी आनन्द लिने ? अन्धकारले चारौंतर्फ घेरिसकेको छ । तैपनि तिमी आलोक किन खोज्दैनौं ?

हरे ! यो छाँया समान सिंगारिएको देह, घाउले दर्दले पूर्ण, नानाविधि संकल्पले भरिपूर्णभएको तथा अस्थिर यो विचित्र शरीर हेर ।

यो रुप जीर्ण भएर जाने, रोगको घर अत्यन्त क्षण भंगुर गन्हाउने शरीर छुटेर मरणमा जीवनको अन्त्य हुनेछ ।

शरद ऋतुमा फ्याँकिएको काम नलाग्ने लौका, परेवा झैं सेतो हाड रुपी शरीरलाई देखेर कसलाई प्रेम लाग्ला ?


*प्रमुख व्यवस्थापक*
**विद्यासागर रञ्जित**
फोन: ४२५ ८९५५

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ४२५ ३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७ ६९०८

*सह-व्यवस्थापक*
**ध्रुवरत्न स्थापित**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोन: ४२५ ९४६६**

*प्रधान सम्पादक*
**भिक्षु अश्वघोष महास्थविर**
४२५९११० (संघाराम विहार, ढल्को)

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५ ९४६६

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५५
नेपाल सम्वत् ११३२
इस्वी सम्वत् २०१२
बिक्रम सम्वत् २०६८

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# धर्म विषयमा बुद्ध उपदेश

गौतम बुद्धले भिक्षु अनुरुद्धलाई धर्म विषयमा आठवटा उपदेहशहरू दिनुभएको थियो । यसलाई हामीले जानीराख्नु उत्तम हुन्छ । बुद्धकालिन समयमा अनुरुद्ध शाक्य राजकुमार अति सुविधामुखी हुनुहुन्थ्यो । घरायसी कामकाजमा आफूलाई ब्यस्त राख्ने शाहस थिएन उहाँको । किनभने उहाँ घरायसी काम गर्न अल्सी हुनुहुन्थ्यो । त्यसैले करकापमा परी उहाँ भिक्षु बन्नुभएको थियो । उहाँको संस्कार राम्रो भएको कारणले भिक्षु भई एक वर्ष भित्रमा नै उहाँलाई दिव्य चक्षु प्राप्त भएको थियो । एकदिन सारीपुत्र महास्थवीर समक्ष पुगी उहाँले भन्नुभयो– "भन्ते ! मैले दिव्य चक्षु (मानिसको साधारण आँखाले देख्न नसक्ने विशेष चक्षु) प्राप्त गरें । होशि-यारीपूर्वक मैले प्रयत्न गर्दैछु । तर मेरो चित्त भने क्लेश मुक्त भएको छैन ।" यो कुरा सुनी सारीपुत्र भन्तेले भन्नुभयो–

साथी अनुरुद्ध । तपाईले दिव्य चक्षु प्राप्त गरें भनी जुन मनसाय व्यक्त गर्नुभयो, त्यसलाई अहंकारको लक्षण भन्न सकिन्छ । फेरि तपाईंले मेहनत गरेको होशियारी पूर्वक चित्त स्थिर राखेको मनसाथ पनि व्यक्त गर्नु भयो, यसलाई तपाईंको चित्तको चञ्चलताको लक्षण भन्न सकिन्छ । फेरि तपाईंले तैपनि मेरो मन क्लेश र विकारबाटमुक्त छैन भनी आफ्नो विचार पोख्नु भयो यसलाई कुक्कुच्च सहगत विचार अर्थात् पश्चातापको लक्षण भन्न सकिन्छ । अनुरुद्ध यो राम्रो कुरो होइन । त्यसैले तपाईंले यी तीन वटा नै कुरोलाई बिर्सि दिनुस् । अमृत धातु (निर्वाण धारमा) स्मृति राखि अभ्यास गर्नु उचित हुनेछ ।

भिक्षु सारिपुत्रको यस्तो सल्लाह सुनि सकेपछि भिक्षु अनुरुद्ध चेति प्रदेश मृगदावन जंगलमा जानु भयो । आधा महिना सम्म उहाँले चंक्रमण (हिंडडुल गरी ध्यान गर्नु) गरी ध्यान अभ्यासमा व्यस्त रहनु भयो । फलस्वरुप उहाँ कमजोर भई ढल्नु भयो । यो कुरा थाहा पाएर भगवान बुद्ध स्वयं त्यहाँ जानु भई भिक्षु अनुरुद्धलाई यी आठ वटा कुराहरू (धर्म ज्ञान) विषयमा उपदेश दिनु भएको थियो । ती यसरी छन् –

(१) **अप्पिच्छस्सायं धम्मो, नायं धम्मो धम्मोमहिच्छस्स**

धर्म अल्पेक्षको लागि हो । महत्वाकाँक्षाको लागि होइन, लोभको लागि होइन । यहाँ धर्मको अर्थ दुःखबाट मुक्त हुने निवार्णलाई जनाएको छ । अल्पेक्षको अर्थ आधारभूत आवश्यकतामा समेटिएका वस्तुहरूलाई मात्राभन्दा बढी जम्मा नगर्नु भनिएको हो । दान दिन ल्याए पनि ती वस्तुलाई मायाँ गरी जम्मा नगर्नु संकलन नगर्नु भनिएको हो । आफ्नो जीवन यापनको लागि चाहिने मात्रामा मात्र आफू समक्ष राख्नु भनिएको हो । यदि आफूले लोकोत्तर ज्ञान मार्ग फललाई प्राप्त गरे पनि यस विषयलाई लिएर अरु समक्ष प्रकट नगर्नु । सहि रुपले ज्ञान लाभ गर्ने ज्ञानीले आफ्नो खूबी अरु समक्ष प्रकट गरेर हिंड्दैन । यस्ता सहि ज्ञानी भएका व्यक्ति समक्ष अरुले के कस्ता ज्ञान प्राप्त गऱ्यौ भनी प्रश्न गरे पनि उसले आफ्नो खूबी प्रकट नगरी चुपचाप रुपले मौनता व्यक्त गरेको हुन्छ । जुन व्यक्तिले मैले यस्तो ध्यान र ज्ञान प्राप्त गरें भनी व्यक्त गर्दछ यसलाई बेठीक भन्न सकिन्छ ।"

परियत्तिअप्पिच्छता भनेको नै आफूले अध्ययन गरेको ज्ञान र विद्वता बारे अरुलाई नभन्नु हो । यस अनुसार आफू त्रिपिटकधारी भए पनि अरुलाई जानकारी नदिई शान्तपूर्वक मौनधारण गर्ने शक्तिलाई परियत्ति अल्पेक्ष भन्न सकिन्छ । अरुलाई ज्ञान सिकाउने र पढाउने कार्य उत्तम कार्य हो । तर आफू विद्वान र गुणी बन्ने कार्य अरुलाई देखाउनको लागि देखावटी कार्य होइन । यो त आफ्नै चित्त सुद्ध गर्नको लागि अभ्यास गरिने कार्य हो ।



Downloaded from http://www.dhamma.digital

(२) **सन्तुट्ठस्सायं धम्मो नायं धम्मो असन्तुट्ठस्स**

धर्म सन्तुष्ट भाव प्राप्त गर्नको लागि हो । असन्तुष्ट भाव जगाउनको लागि होइन। सन्तोष भाव भनेको नै यथालाभ सन्तोष अर्थात आफूलाई जति लाभ भयो त्यसैमा सन्तुष्ट हुन सक्ने बानीलाई भनिन्छ । यही सहि धर्म हो ।

(३) **पविवित्तस्सायं धम्मो नायं धम्मो संगणिकारामस्स**

धर्म एकान्तप्रिय व्यक्तिमा समाहित हुन्छ । असंयमित मानिसहरूको समूहमा बसी कोलाहलपूर्ण वातावरणमा रमाउने बानीले धर्म अभ्यास गर्न कठीन हुन्छ ।

(४) **आरद्धविरियस्सायं धम्मो नायं धम्मो कुसीतस्स**

आरम्भ देखि अन्त्यसम्म धर्म प्राप्तीको लागि उत्साह गर्ने कार्यलाई धर्म भनिन्छ । अल्छीपूर्ण जीवनलाई धर्म भनिन्दैन ।

(५) **उपट्ठित सतिस्सायं धम्मो नायं धम्मो मुट्ठस्सतिस्सं**

सधैं होशियारीपूर्बक राम्रो कार्य गरी जीवन बिताउनुलाई धर्म भनिन्छ। बेहोशिपूर्ण कार्यलाई धर्म भनिंदैन ।

(६) **समाहितस्सायं धम्मो नायं धम्मो असमाहितस्स**

कुसल अर्थात राम्रो कार्यमा चित्त एकाग्र गर्नुलाई धर्म भनिन्छ । तर चञ्चल चित्तलाई धर्म भनिदैन ।

(७) **पञ्ञावन्तस्सायं धम्मो नायं धम्मो दुप्पञ्ञस्स**

प्रज्ञा, विवेक बुद्धि भएको अवस्थालाई धर्म भनिन्छ। प्रज्ञाहिन अवस्थालाई धर्म भनिंदैन ।

(८) **निप्प पञ्ञारामस्सायं धम्मो नायं धम्मो पपञ्चारामस्स**

निवार्ण प्राप्त गर्ने लक्षले गरिने राम्रो कार्यलाई धर्म भनिन्छ । झन्झटमा अल्झी सान्सारिक मायाँ मोहको जालमा फस्ने कार्यलाई धर्म भनिन्दैन ।

धर्म विषयका यी अमूल्य ज्ञानको कुरा सुनी भिक्षु अनिरुद्धले यसलाई राम्ररी आचरण गर्दै दुःख मुक्त हुन सफल हुनु भएको थियो ।

❖

# चित्तको यो डरलाग्दो स्वभाव

✍ **सुमेधावती गुरुमां**

म, मेरो, मैले मात्र भाविता आउने
सत्य, न्याय, मैत्री, करुणा पटक्कै न आउने
अहम र दमन गर्ने स्वभाव मात्र आउने
पाएको स्थान र पदमा लिप्त भई टाँसिनुपर्ने

शिक्षा के हो ? धर्म के हो ? बुझ्न नजान्ने
लाज, डर, तृष्णा र घृणालाई हटाउन नजान्ने
चौतर्फि विकासको ध्वजा फहराउन नजान्ने
अनित्यलाई नित्य मिथ्यालाई सत्यको भाविता गर्ने

समाज समुदायमा पण्डित कहलाउने
सत्य तथ्य के हो छुट्टाउन नजान्ने
विद्वान र नेता बनी भाषण गर्ने
दान, शील र भावनाको महत्व नजान्ने

कुशल कार्य र धर्मलाई चिन्न नसक्ने
हिंसा कार्यमा वेहोशी बनी रमाउने
इच्छाको बसमा परी स्वार्थी बन्ने
मनको स्वभावलाई सही तरीकाले नबुझ्ने

मरेको देह देख्दा पनि अनित्यतालाई नचिन्ने
त्यसैले सधैं म मेरो र मलाई भन्दै आशक्त बन्ने
आफ्नो आँखा सामु विरामीहरूले कष्ट भोगेको देख्ने
तर त्यस रोगीको दुःख देखेर पनि रति भर होश नराख्ने

यसरी नै यो मनले कर्मफलमा विश्वास नगर्ने
प्रज्ञा प्रज्ञा रतिभरी पनि मनमा उत्पन्न नहुने
त्रिरत्नको शरणमा समर्पित हुन नसक्ने
के गर्नु आफैंले आफ्नो मनको स्वभाव नबुझ्ने



Downloaded from http://www.dhamma.digital

# विपश्यना शिविर र आत्मदर्शन

सत्यनारायण गोयन्का
*अनुवादक- विश्व शाक्य*

जब आफ्नो भित्र सम्वेदनालाई हेर्न थालिन्छ त एउटा अर्को दृष्टि जागृत हुन्छ । भित्र हेर्ने दृष्टि जागृत हुन्छ । "**विमूढानानुपश्यन्ति पश्यन्ति ज्ञान चक्षुषः**" यो हो ज्ञान-चक्षुद्वारा आफूभित्र हेर्ने प्रज्ञा ।

बाहिर केही घटना घटित भयो, कसैले गाली गऱ्यो, अपमान गऱ्यो,कुनै नचाहिने कुरा भयो भने भित्र-भित्र प्रतिक्रिया हुन थाल्यो । आगो जस्तो जल्न थाल्छौं । दुःखको कारण पनि भित्रै देखिन थाल्छौं दुःखको निवारण पनि भित्रै देख्न थाल्छौं । एकदम देखिन थाल्नेछ । समाधान जति जति अगाडि बढ्छ अरू पनि थुप्रै दृष्टिहरूबाट हेर्न, देख्न थाल्नेछौं । यदि कसैले अपमान गऱ्यो भने आज त यही भनिन्छ कि शतप्रतिशत त्यही व्यक्तिको जिम्मेवार छ । जब विपश्यनामा अभ्यस्त हुन थालिनेछ तब यस्तो लाग्न थाल्दछ कि यो जुन मलाई दुःख भैरहेको छ, कसैले गरेको अपमानबाट दुःख भएको छ त्यसको आधा दोषको भागी त्यो व्यक्ति छ भने आधा दोष भागी म आफै हूं । यो भन्दा अगाडि बढयौं भने यो स्पष्ट हुनेछ कि मेरो आफ्नो सुख वा दुःखको जिम्मेवार शतप्रतिशत स्वयं म छु । यस्तो कुरा तर्क-वितर्कबाट सम्भनामा आउँदैन । अन्तर्मुखी भएर आफूले आफैलाई हेर्न थालियो भने थाहा हुनेछ, दुःख के हो ? दुःख कहाँबाट शुरू हुन्छ ? कसरी शुरु हुन्छ ? वृद्धि कसरी हुन्छ ? सब, सम्वेदनाहरूको सहायताले जान्न थालिनेछ । शरीरमा विभिन्न प्रकारका सम्वेदनाहरू हुन्छन् । सम्वेदनाहरू हेरेर हामी भित्रको सत्यताहरू थाहा पाउन सक्नेछौं । जति-जति साधनामा निपुण हुँदै जानेछौं । हामीले थाहा पाउँछौं कि मन-भित्र विकार पैदा हुनासाथ व्याकुलता आउँछ भन्ने कुरा । सामुन्ने रहेको व्यक्तिको मनमा यदि विकार जागेको छ वा क्रोध जागेको छ भने उसको व्याकुलता पनि थाहा पाउँछौं । साधकको जीवनमा एउटा समय यस्तो पनि आउनेछ कि उसले अगाडिका अन्य मानिसहरूका सम्वेदना पनि चाल पाउन सक्नेछ । ठीक त्यसरी नै जसरी आफ्ना सम्वेदनाहरू महसूस गरिन्छ । जब कुनै गाली गर्ने क्रुद्ध व्यक्तिको मन भित्रको ताप, व्याकुलता स्वयंले महसूस गर्न थाल्दछ भने कसरी त्यस व्याकुल व्यक्तिप्रति अङ्गार बर्साउन सक्ला र ? त्यस व्यक्ति प्रति त शीतल जलले नै सिञ्चित गर्ला ।

यस देशमा मानसका ठूला-ठूला धनवन्तरिहरू जन्मे । उनीहरूले अन्तर्मनको खूब खोजी गरे । भित्री सत्यको धेरै खोजी भए, अनुसन्धान भए । जब अन्तर्मुखी भएर सत्यतालाई चिन्न र देख्न थाले तब थाहा पाए कि जब जब चित्त विकारद्वारा विकृत हुन्छ तब व्याकुलता आउने रहेछ । जब क्रोध आउँछ त आफूसँग दुःख नै लिएर आउने हुन्छ ।

अनुसन्धान गर्दा-गर्दा एउटा सीमासम्म पुगेपछि एउटा बाटो पत्तालाग्यो– जब चित्तमा विकार उत्पत्ति हुन थाल्छ त्यस बेला चित्तलाई अर्कै ठाउँमा लगाइदिने । जसप्रति श्रद्धा हुन्छ त्यसको नाम जप्न थाल्ने अथवा ध्यानगर्न थाल्ने । यसरी मनलाई अन्यत्र कतै मोडिदियौं । यसबाट फाइदा भयो । रोगलाई खोज्यौं र रोगीको औषधि पनि खोज्यौं तर पूरा का पूरा फाइदा अझै भएन, हुन सकेन तर यस देशमा यस्ता महापुरूष पनि जन्मे जसले यस खोजलाई, यस यात्रालाई यहीं समाप्त गरेनन् । उनी अन्तर्मनको अरू गहिराईसम्म पुगेर यो पत्तालगाए कि केवल चेतन चित्तलाई अन्यत्र कतै मोडदैमा विकार निर्मूल हुँदैन, पूर्णलाभ प्राप्त हुँदैन ।

सारा अचेतन तथा अर्धचेतन मन भित्र-भित्रै गाँठो परिरहने हुन्छ । अन्तर्मनको गहिराइसम्म जहाँ विकार पुगिसकेको छ त्यहाँ ग्रन्थि-ग्रन्थिहरूमा गाँठो पर्दै गइरहेको छ । अन्तर्मनको खोजी गर्दा गर्दा सारा शरीरस्कन्धलाई हेऱ्यो, देख्यो । सारा चित्त स्कन्धलाई हेऱ्यो, देख्यो अनि यी दुबैलाई अतिक्रमण गरी यिनीहरूभन्दा परको अवस्था जुन नित्य छ, शाश्वत छ, ध्रुव छ त्यसलाई पनि देख्यो । यसप्रकार स्वयं अनुभूतिले पर सत्यलाई थाहा पाएपछि प्रकृतिका सारा रहस्यहरू, पहेलीहरू एक एक बुझ्न थालियो । उनले बताए कि जीवनका समस्याबाट नभाग, अभिमुख भएर उनको सामना गर ।

क्रोध आयो भने क्रोधलाई हेर, भय आयो भने भयलाई हेर । यसप्रकार हेर्ने दृष्टि प्राप्तभयो भने विकारहरू शमन हुन थाल्नेछन्, नष्ट हुन थाल्नेछन् । "**उपज्जित्वा निरुज्झन्ति तेसं उपसमो सुखो ।**" उदय भयो, नष्ट भयो एकदम शमन भयो । प्राप्त हुन थाल्यो सुख ।

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास-१४

के.श्री धम्मानन्द
अनुवादक- प्रकाश बज्राचार्य

विभूषित एक महान बुद्धिमान हुन सक्छ । तर यदि उसले आफ्नो कार्यप्रति ध्यान दिन्दैन र यदि ऊ आफ्नो कार्यहरूको परिणाम प्रति होशियार छैन भने, र यदि ऊ जसरी पनि आफ्नै चाहना र इच्छा मात्रै पूर्ति गर्नमा ढल्के को छ भने, तब बुद्धको अनुसार, ऊ एक बुद्धिमान मूर्ख हो अर्थात तल्लो स्तरको बुद्धि भएको व्यक्ति हो । त्यस्ता व्यक्तिले साँच्चै नै यहाँ र पछि पनि आफ्नो उन्नतिलाई नष्ट गर्नेछ ।

स्मरण होस् कि बुद्ध एक व्यवहारिक गुरू हुनुहुन्थ्यो जसले आफ्नो ज्ञान र अनुभवलाई बुद्धत्व प्राप्त गर्नमा उपयोग गर्नु भयो । यसरी उहाँको शिक्षामा व्यवहारिक प्रज्ञा निहित छ जसलाई सिद्धान्त वा दर्शनमा मात्रै सीमित गर्न सकिन्दैन ।

बुद्ध धर्म सिर्फ दर्शन मात्र होइन किनकि दर्शन ज्ञान मात्रै सम्बन्धित छ तर ज्ञानलाई दैनिक जीवनको व्यवहारमा लागु गर्नेसंग सम्बन्धित छैन । अभ्यास गर्नुमा र बुझ्नुमा बुद्ध धर्मले विशेष जोड दिन्छ । दर्शन शास्त्रीले जीवनका दु:ख एवं निराशाहरू देख्छन् तर, बुद्धको विपरित, उसले जीवनको असन्तुष्ट हुने प्रवृतिले एक अंग हाम्रा निराशाहरूलाई हटाउने व्यवहारिक समाधान दिँदैन । दर्शन शास्त्रीले खालि आफ्नो विचारलाई बंद बाटोतिर मात्रै ढकेल्छ । दर्शन शास्त्र राम्रो र असल छ तर मानसिक तिर्खा मेटाउनमा यो असमर्थ छ । तर पनि दर्शन शास्त्रले हाम्रो बौद्धिक कल्पना शक्तिलाई धनी पारेको छ र मनलाई उन्नति हुनबाट रोक्ने कट्टर विश्वासलाई घटाइदिन्छ । त्यहाँ सम्मको लागि बुद्ध धर्मले दर्शनलाई आदर गर्दछ ।

स्मरण रहोस् कि बौद्ध जीवनको प्रमुख लक्ष्य मानसिक स्वतन्त्रता र बोधिज्ञान प्राप्त गर्नु हो । जन्म र मृत्युको जरो अज्ञानता (अविद्या) लाई ज्ञानले नाश गर्छ । तर पनि अज्ञानताको यो विनाश आफ्नो इच्छा शक्तिको अभ्यासद्वारा बाहेक अरूबाट हुन सक्दैन; अन्य सबै प्रयत्नहरू- खास-गरेर सिर्फ बौद्धिक प्रयत्नहरू- पूर्ण रूपले निरर्थक छन् । यसै कारणले बुद्ध निर्णयमा पुग्नु हुन्छ, "यी (दार्शनिक) प्रश्नहरू लाभको लागि विचार गरिएका होइनन्: यिनीहरू धर्मसंग सम्बन्धित छैनन्; यिनीहरूले शुद्ध आचरणतिर वा विरागतिर, वा काम वासनाबाट शुद्धता तिर, वा शान्त हृदयतिर, वा सत्य ज्ञानतिर, वा उच्च परिज्ञानतिर वा निर्वाणतिर लग्दैन ।" दार्शनिक चिन्तनको ठाउँमा बुद्धले आफूले पत्ता लगाएको चार आर्य सत्यहरूलाई व्यवहारिक रूपमा सिकाउनमा बढि ध्यान दिनु भएको थियो । दु: ख के हो; दु:खको उत्पत्ति (कारण) के हो; दु:खको अन्त के हो; दु:खलाई कसरी अन्त्य गर्ने अथवा मोक्ष (निर्वाण) प्राप्त गर्ने मार्ग । कारण यी सत्यहरू मुक्तिको महान कार्य पुरा गर्न दृढ इच्छा राख्नेहरू सबैले बुझ्न र सम्झन सक्ने व्यवहारिक विषय वस्तुहरू हुन् ।

बोधिज्ञान प्राप्त गर्नु नै अज्ञानतालाई धपाउनु हो; बौद्ध जीवनको यो एक आदर्श हो । अब हामीले राम्रैसंग बुझ्न सक्छौं कि बोधिज्ञान प्राप्त गर्नु ज्ञान (बुद्धि)को मात्रै काम होइन सिर्फ सुझबुझमात्रै हुनुबाट पुग्दैन र यो जीवनमा भिजिएको देखिदैन । त्यसैले नै बुद्धले व्यक्तिगत अनुभवलाई ठूलो जोड दिनु भएको थियो । व्यक्तिगत अनुभवबाट प्राप्त हुने सत्यतालाई प्रमाणित गर्ने व्यवहारिक र वैज्ञाननिक तरिका ध्यान हो । ध्यानको माध्यमबाट मनले आफूमा लादिएको अवस्थालाई बढाउँछ र यही नै चेतनाको जागृति हो । सबै दार्शनिक समस्याहरूले हामीलाई केवल अल्झेको र गुटमुटिएको धागोको पोकामा फँसाइ दिन्छ ।

### मध्यम मार्ग वा अष्टांगिक मार्ग

कुनै पनि अति (सीमा उल्लंघन) तिर नलागी अभ्यास गर्नु नै बुद्ध धर्म हो ।

मध्यम मार्गलाई जीवनको तरिकाको रूपमा पत्ता लगाउनु नै बुद्धको शिक्षाको एक अद्वितीय सत्य हो बुद्धले आफ्ना अनुयायीहरूलाई इन्द्रिय सुख, भोग बिलाषिता र आत्म संयमको (दुष्कर चर्याको) अतिमा नलागी मध्यम मार्गको प्रकृयालाई अभ्यास गर्न सल्लाह दिनु भयो । मध्यम मार्गका अरू परिभाषाहरू हुन्-शाश्वतवाद (नित्यवाद) र उच्छेदवाद (विनाशवाद) आशावाद र निराशावादका अतिहरूलाई छाड्नु ।

*क्रमश:*



Downloaded from http://www.dhamma.digital

# श्रद्धा र धर्म

✎ भिक्षु अश्वघोष
संघनायक, संघाराम

श्रद्धा र धर्म नङ्ग र मासु जस्तै घनिष्ट सम्वन्ध भएका दुई शव्दहरू हुन्। यी दुई शव्द हाम्रो पारिवारिक र सामाजिक संघ संस्थामा नभई नहनु गुणहरू हुन्। श्रद्धाका संक्षिप्त अर्थ आस्था, विश्वास, पत्यार र मनको प्रसन्नाको रुपमा लिन सकिन्छ। साधारणतया श्रद्धालाई धार्मिक क्षेत्रमा पुष्प र धूप आदिका साथ पूजा गरी प्रार्थना गर्ने ठाउँमा प्रयोग गरिरहेको देखिन्छ। आजभोली तर बुद्ध शिक्षानुसार हामी धार्मिक क्षेत्रमा मात्र सीमित नभई पारिवारिक र सामाजिक संघ संस्थामा लाग्ने व्यक्तिको जीवनमा पनि श्रद्धा र धर्म प्रयोग गर्नुपर्ने देखिन्छ। सामाजिक संघ संस्थामा संलग्न व्यक्ति असल, निस्वार्थी एवं सेवकको रुपमा प्रस्तुत हुन सक्नुपर्ने कुरो हो। अनिमात्र संघ संस्था सुचारुरुपमा संचालन हुन मद्दत मिल्नेछ। शान्तमय पारिवारिक जीवनको लागि परस्पर श्रद्धा, धर्म अर्थात विश्वास पात्र हुनु आवश्यक छ। परस्पर श्रद्धा रहेन भने अविश्वासको वातावरण श्रृजना हुन जान्छ। अनि असान्त हुने गर्छ। उदाहरणको लागि यहाँ बुद्धकालिन घटना प्रस्तुत गर्नु उर्युक्त ठान्दछु।

आलवी नगरमा आलवक नामक प्रभावशाली, रिसालु, घमण्डी एवं राक्षसी स्वभावको व्यक्ति रहने गर्थ्यो। उसले स्थानीय जनसमुदायलाई मात्र होइन आफ्नी श्रीमती लगायत परिवारलाई समेत अफ्नो प्रभुत्व जमाई त्रसित पार्दै शोषण गर्ने र दुःख दिने गर्थ्यो। त्यसैले आलवक बाहिर जाँदा मात्र घर परिवारमा शान्तिको वातावरण छाउने गर्थ्यो।

एक दिन भगवान बुद्ध चारिका गर्नु हुँदै आलवी नगर पुग्नु भयो। भगवान बुद्ध समक्ष आलवका स्थानीय जनसमुदायले आलवकबाट भै रहेको अत्याचार विषयमा गुनासा पोख्दै भन्न थाले– तपाई ठूलो धर्मात्मा हुनु हुन्छ, त्यस्ता क्रोधि स्वभावका व्यक्तिलाई तपाईको मैत्री बलले दमन गर्न सकिन्छ भन्ने कुरा सुनेका थियौं। त्यसै ले तपाई यहाँ आउनु भएकोले हामी खुशी छौं। उनीहरूको कुरा सुनी गौत्तम बुद्धले विचार गर्नु भयो– आलवक ज्यादै रिसालु र क्रोधि छ। उसको हृदय परिवर्तन गरी उसलाई असल व्यक्ति बनाउन सके राम्रो हुनेछ। राक्षसी स्वभावको व्यक्ति भए पनि चेतना भएको कारणले उसको हृदय परिवर्तन हुन त सक्छ। पहिला उसको कडा र खरो मनलाई नरम र असल पार्न आवश्यक देखिन्छ।

यति सोच्नु भई गौत्तम बुद्ध मैत्रीपूर्वक आलवकको घर पुग्नु भयो। घरको द्वार बन्द थियो। द्वार पालेले बुद्धलाई उहाँको परिचय र आगमनको कारण सोध्यो।

भगवान् बुद्धले भन्नु भयो म बुद्ध हुँ। म आलवक भेट्नको लागि आएको।

पाले - "अहिले उहाँ बाहिर जानु भएको छ।"

बुद्ध - "त्यसो भए उहाँ नफर्कीउन्जेल मलाई घरभित्र बस्न दिनुस्।"

पाले - "आलवकको आज्ञाविना भित्र जान त मिल्दैन। आलवक ज्यादै क्रोधि र रिसालु छ। तपाइँलाई बाँकी राख्दैन उसले ।"

बुद्ध - "म उहाँको भलो चिताएर आएको हुँ। मलाई थाहा छ उहाँको स्वभाव। तैपनि एकपटक भेट्न पाए हुन्थ्यो। भित्र बस्न दिनुस् न।"

भगवान् बुद्धको आग्रहलाई स्वीकारी ढोकापालेले ढोका खोलेर उहाँलाई भित्र जान दियो। घरभित्र भगवान बुद्धलाई देखि आलवककी श्रीमती र छोरीहरू ज्यादै खुशी भए। आलवककी श्रीमतीले हर्ष प्रकट गर्दै भन्न थालिन्–

अहोभाग्य ! तपाई हाम्रो घरमा पाल्नु भई हाम्रो घर पवित्र पार्नु भयो। तर यो घरमा तपाई धेरै बेर नबस्नु होला। किन भने मेरा स्वामी आलवक ज्यादै खतरनाक राक्षेसी स्वाभावको हुनु हुन्छ।

बुद्ध - "पीर मान्नु पर्दैन। केही हुँदैन। म उहाँकै भलो चिताएर यहाँ आएको हुँ।"

आलवककी श्रीमती - "भो भगवान्! त्यसो भए हामीलाई धर्मका केही उपदेश बताउनुभए बेश हुने थियो।"

बुद्ध - "चिन्ता र पीर रहित जीवन सुखमय र वरदानयुक्त जीवन हुनेछ। परस्पर श्रद्धा र विश्वास पूर्वक जिउन पाए जीवन सुखमय हुनेछ।"

भगवान् बुद्ध आलवकको घरमा जानुभई उसको परिवारलाई यसरी धर्मदेशना दिइरहनु भएको खवर आलवकको कानमा पुग्यो। यी खवर सुन्ने बित्तिकै आलवकको रीसले सिमाना नाघ्यो। उ तुरुन्त घर फर्क्यो। घर भित्र पस्ने बित्तिकै उसले बुद्ध समक्ष यसरी प्रश्न गऱ्यो–



Downloaded from http://www.dhamma.digital

आलवक - "मेरो आज्ञा बिना मेरो घर भित्र किन पसेको ? बाहिर निस्क !"

आलवककी श्रीमती र छोरीहरू डरले थरथर काँपी घर भित्र लुक्न गए ।

भगवान् बुद्धले मैत्रीपूर्वक विचार गर्नुभयो–

आलवक अहिले क्रोधको वसमा रहको छ । उसले ठीक बेठीक छुट्ट्याउन सकिरहेको छैन । जसरी भएपनि उसको क्रोध शान्त पारी उसको कडा स्वभावलाई सेलाउन दिनु राम्रो हुनेछ । त्यसैले अहिले उसको आज्ञा पालन गरी उसलाई बसमा लिनु पर्ला । उसको कुरालाई अटेर गरी मानेन भने बलेको आगोमा घ्यू थप्ने जस्तै भई उ झन क्रोधित हुनेछ । त्यसैले उसले बाहिर जाउ भनेको कुरालाई मानी बाहिर जानै पर्ला ।

यति सोच्नुभई भगवान् बुद्ध चुपचाप उठेर बाहिर जानुभयो । यो दृश्यले आलवकलाई अचम्म पार्‍यो ।उसले विचार गर्‍यो– "यत्रो ठूलो व्यक्ति भगवान् बुद्धले केही आनाकानी नगरी मेरो आज्ञा पालन गरी बाहिर गयो । अब फेरि जाँची हेर्नु पर्‍यो भनी उसले भगवान् बुद्धलाई फेरि बोलाई भन्यो– "हे श्रमण ! भित्र आऊ ।"

भगवान् बुद्ध चुपचाप साथ भित्र आउनुभयो । बस्नु भन्नासाथ बस्नुभयो । यसरी तीनपटकसम्म बाहिर पठाउने र भित्र बोलाउने गरी आलवकले भगवान् बुद्धलाई अपमान गर्‍यो । चौथो पटक पनि आलवकले भगवान् बुद्धलाई बाहिर जानु भनी आदेश दिएको सुन्ने वित्तिकै भगवान् बुद्धले भन्नुभयो–

आलवक महाशय ! अब अति भयो । आफ्नो घरमा आएको पाहुनालाई चारपटकसम्म भित्र बाहिर गरेर जुन तिमीले अपमान गरिरहेका छौ, त्यो शिष्टाचारलाई पालन नभएको हुनाले अहिले म बाहिर जान सक्दिन । तिमीलाई जे मन लाग्छ गर्नु ।

भगवान् बुद्धको यस्तो निणर्य सुनी आलवक अकमकियो । उसले सोच्यो– श्रमण गौतम त ज्यादै निर्भिक व्यक्ति रहेछ । उहाँमा अवश्य पनि अदृश्य शक्ति हुनुपर्छ । त्यसैले अब मैले उहाँलाई एउटा प्रश्न सोध्नु उपयुक्त होला । यति सोची उसले भगवान् बुद्धसंग प्रश्न सोध्न थाल्यो ।

आलवक - "श्रमण गौतम ! म तिमीसंग एउटा प्रश्न सोध्न चाहन्छु । यदि सहि जवाफ आएनभने मैले तिम्रो ढाड भाँचि दिनेछु र मुटुनै निकालीदिनेछ ।"

भगवान् बुद्ध - "हुन्छ, सोध्नु ।"

आलवक - "मानिसको जीवन के चीजले सुखमय र श्रेष्ठ हुन्छ ? के चीजको अभ्यास गरेको खण्डमा जीवन आनन्द र उज्ज्वल हुनेछ ?"

भगवान् बुद्ध - "श्रद्धा भएको खण्डमा मानिसको जीवन सुखमय र श्रेष्ठ हुनेछ । धर्म आचरण र अभ्यास गरेको खण्डमा जीवन सुखमय र उज्ज्वल हुनेछ ।"

आलवक - "श्रद्धा भनेको के हो ?"

भगवान् बुद्ध - "मनको कोमलता, विश्वास र प्रेम नै श्रद्धा हो । तर तिमीमा श्रद्धा नै छैन । आफ्ना परिवार प्रति नै श्रद्धा र विश्वास नभएको कारणले तिम्रो परिवारमा शान्ति छैन । तिमी आउनु भन्दा पहिला तिम्रा जहान परिवारहरू कति हँसिलो अनुहारले धर्म उपदेश सुनिरहेका थिए । तिमी भित्र आउने बित्तिकै उनीहरू सबै डराएर भागाभाग भएको देखें मैले । वास्तवमा तिमी घरको मूली घर भित्र पस्नासाथ तिम्रो परिवारले हँसिलो अनुहारकासाथ तिम्रो स्वागत गर्नुपर्ने थियो । यसो नभई ठीक उल्टो व्यवहार देखें मैले । यो कस्तो अनौठो जीवन ? यहाँ आनन्दमय जीवन खोइ ? आनन्दमय जीवनको लागि त परस्पर श्रद्धा र धर्मको अभ्यास हुनु आवश्यक छ । धर्म अभ्यास भनेको नै आचरण र बानी व्यवहार राम्रो र शिष्ट हुनु हो । श्रद्धा र धर्म अभ्यास नभएको कारणले नै तिमीले मलाई चारपटकसम्म घरबाट निकाल्ने र भित्र आउने हुकुम चलायौ । यो पनि शिष्ट र राम्रो तरिका हो ? आचरणमा धर्मले साथ दिनुपर्छ ।"

यति कुरासुनी आलवकले विचार गर्‍यो– भगवान् बुद्धले भन्नुभएको कुरा ज्यादै मनासिब छ । साँच्चै परस्पर विश्वास हुनै पर्छ । चरित्र र आचरण राम्रो हुनु पर्दोरहेछ । मेरो अगाडि सबले शीर ठाडो गरेर हेर्न शाहस गर्दैनन् । तर मेरो पछाडि सबैले मलाई राक्षस भन्ने गर्छन् । यो त ठीक भएन । भगवान बुद्धले मप्रति मैत्री र करुणा राखी मेरो घरमा आउनुभयो । आजदेखि म ज्ञानी हुनेछु, राक्षसीपना त्यागी असल मानिस बन्नेछु ।

यसरी आलवकको हृदय परिवर्तन भयो । आलवक ज्ञानी एवं असल मानिस बनेको खवर सुनेर स्थानिय जनता खुशी भई नाच्न थाले । धन्य हो भगवान् बुद्ध । यस्तो राक्षसी स्वभावको व्यक्तिलाई पनि दमन गर्नुभयो । यसरी भगवान् बुद्ध पुरिस दम्म सारथी हुनुहुन्छ । यो सही हो । कस्तो चमत्कार यो भगवान् बुद्धको ? ❖



Downloaded from http://www.dhamma.digital

# म को हुँ ?

✍ नरेन्द्रनाथ भट्टराई

> **"चारखुट्टा टेकेर तथा घाँस खाने जन्तुहरू वास्तवमा पशु होइनन् । जो इच्छा, वासना र अहंकारको पाशोमा बाँधिएर मोहरूपी घाँस खाएर जीवनयापन गर्दछन्, तिनी वास्तविक पशु हुन ।"**
>
> ***साभार- परमात्माको दर्शन (चिन्तनद्धारा)***

कसलाई थाहा छैन होला यस प्रश्नको जवाफ ? सबैलाई थाहा भएर पनि कमैलाई थाहा छैन । थाहा भएर पनि थाहा नहुनु अचम्मै हो । "म" को जो परिचय हामी सबैलाई बालककालदेखि नै परिवार समाजले दिएका छन्, ती परिचय सबै गलत भएकाले थहा भएर पनि थाहा छैन भनिएको हो । के थाहा छ त ?

"म फलानो जातिको हुँ, फलानोको छोरा हुँ, पति हुँ, पत्नी हुँ, फलानो देशको हुँ, फलानो धर्मको हुँ भनेर । यी कुनै पनि सही उत्तर होइनन् । यी सबै कुरा बाबु आमा, समाज, देश संस्कार चलन आदिले दिएका काल्पनिक परिचय मात्र हुन् । भरखर जन्मेका बच्चामा यी कुरा पनि हुँदैनन् । अझ गर्भमा छँदा अनि गर्भमा आउनुभन्दा अगाडिको "म" को परिचय खै ? फेरि मृत्यु पश्चात्को "म" को परिचय खै ?

भारतको अरुणांचलमा बस्नुभएका महर्षि रमण योगीको बारेमा यस्तो कुरा छ । रमण कुनै गाउँका मध्यमवर्गको परिवारमा जन्मेका थिए । कुमार अवस्थामा काम विशेषले मामाघर गएका रहेछन् । राती एकलै कोठामा सुतेका थिए । अवेला बल्ल बल्ल निन्द्रा के परेको मात्र थियो आफू मरेको दुःस्वप्न देखेछन् । झल्यांस ब्युँझँदा त मुटु ढुकढुक गरिरहेको, स्वाँ स्वाँ भैरहेको अनि जीउमा पसिनाले लथपथ भैरहेको पाए । उनलाई असाध्य डर लाग्यो । मध्यरात छ, के गरुँ, कसो गरुँ भयो । घरमा अरुलाई उठाउँ कि जस्तो पनि लाग्यो फेरि सपना देखेर पनि डराउने लाछी भन्ने पो हुन् कि जस्तो पनि लाग्यो । अनेक तर्क वितर्क गर्न लाग्यो । आखिर उनलाई एउटा विचारले प्रेरणा दियो–

"यो मर्ने भनेको के रहेछ त ?" सपनामा पनि त म मरेको थिएँ, मरेको आफैले देखेको थिएँ । यो कसले के देखेको रहेछ ? फेरि एकपटक, आँखा चिम्लेर सुत्छु र हेर्छु, मरेको भनेको के कस्तो रहेछ, को मर्ने रहेछ ।" यति विचार गरी आँखा चिम्लेर खाटको तल लम्पटमा पल्टेर मृत्युको विचारमा डुबेछन् । एकै छिनमा त आफू मरेको । परिवारले शोक गरेको र मुर्दा लगेको, जलाएको कल्पना दृश्य रुपमा देखे । कल्पनाबाट आफ्नो पूर्वस्थितिमा फर्केपछि उनलाई दृढ भएछ "यो मर्ने भनेको त शरीर रहेछ, शरीर मर्दा पनि यो मरेको देख्ने "म" त बाँकी नै हुने रहेछ । यो शरीर र मन उपर घटेका यावत् क्रियाकलाप त दृश्य मात्र रहेछन् । म त देख्नेवाला द्रष्टा मात्र पो रहेछ । सारा अवस्था मेरा अगाडि घट्ने रहेछन् ।" सच्चा आफू को ? भन्ने कुराको बोध उनलाई त्यहीं भएछ । बिहान हुन लागेको थियो कसैलाई पत्तै नदिई त्यताबाट उठेर उनी अरुणाञ्चलतिर लागे । तत्पश्चात् रमणबाट वहाँ महर्षि रमण हुनुभयो । वहाँले भक्तजन, मुमुक्षु र श्रद्धालुहरूलाई यही कुरामा बढी जोड दिनुहुन्थ्यो, "म को हुँ" यसै महामन्त्रमा मनन गर, चिन्तन गर ज्ञानको लागि, आत्मदर्शनको लागि, यही सर्वोत्तम र सरल छ ।

हुन पनि यस महामन्त्र उपर गहिरिएर सोच्ने हो भने सारा ज्ञानको सार यिनै तीन शब्दमा अटाएका छन् । अहिलेसम्मका सद्गुरु र सत्शास्त्रहरूले पनि यसै महामन्त्रको अनुभव गराउनको लागि नै अनेक तरकीव तथा विधिबाट कोशिश गरिरहेको पाइन्छ । सबै धर्मको, सबै मानिसको एकमात्र उद्देश्य छ, आफूलाई चिन्नु । आत्मस्वरुप "म" भएकोले आफूलाई नचिनी आत्मा अर्थात् परमात्मा पाइन्न, यो पक्का छ । ❖

> "मूर्खले मात्र हामीले एकदिन अवश्य मर्नुपर्छ भनि विचार गर्दैन **हामी मर्ने छौ** भनी विचार गर्ने वित्तिकै कलह शान्त हुन्छ"
>
> – धम्मपद



Downloaded from http://www.dhamma.digital

# तथागतको आगमन

✍ शीतल गिरी

उपत्यकाको त्यस मनोरम डाँडाको नाम नागार्जुन थियो । त्यो सानो मनोरम डाँडा उपत्यकाको पश्चिमाञ्चलमा थियो। उपत्यकालाई घेरेका डाँडाहरूमध्ये यो पनि एउटा थियो । डाँडो प्राकृतिक सौन्दर्यले ओतप्रोत थियो । प्राकृतिक सौन्दर्य भईकन पनि डाँडो बस्तीरहित थियो । डाँडोलाई पश्चिमतर्फबाट दुई चिरा पारेर खोलो बगेको थियो, जसमा डाँडाहरूबाट झरेको पानी पर्दा वर्षायाममा बागमतीलाई बिर्साउन खोज्थ्यो । उपत्यकाभित्र रहेका दलहरूको वरिपरि किराँतहरूको नेतृत्वमा सुन्दर बस्तीहरू थिए । उपत्यकाका चारैतिर डरलाग्दा पहाडहरू भएको हुँदा सितिमिति अन्तका मानिस यहाँ आउँदैनथे । बाहिरका प्रायः मानिसहरूका लागि यो उपत्यका अज्ञात र रहस्यमय थियो तर पूर्वका किराँतहरू कौशिकी तरेर यहाँ सजिलै आवतजावत गर्थे। किराँतको यहाँ सम्पन्न बस्ती मात्र होइन, राजधानी नै थियो ।

उनीहरूको घर ढुंगाको, राजमार्ग पर्याप्त र उपत्यकाभित्रका पुरहरूमा ठाउँ-ठाउँमा हरियाली भरिएको उपवन थियो, जसमा ऋतुअनुसार फलफूल लगाइएको थियो। उपत्यकाको जलवायु अत्यन्त स्वास्थ्यप्रद थियो। पुर, घर, महल, पाटी, पौवा, वन, उपवन, बगैंचा, राजमार्ग, मन्दिर, घाट सबै कलापूर्ण थिए । यस्तो लाग्दथ्यो किरातहरू एकदम कलाप्रेमी छन्, सम्पन्न पनि छन् । उनीहरूको सम्पन्नताको त यही प्रमाण नै यथेष्ट हुन्छ कि किरात र उनीहरूका पत्नीहरूको अङ्गमा धेरैजसो स्वर्णका आभूषण हुन्थे । रत्नहरू पनि तिनीहरू धारण गर्दथे । किरातकन्याहरूको रङ्ग खारिएको सुनजस्तो र बनावट आकर्षक हुन्थ्यो। तिनीहरू सभ्य र सुसंस्कृत पनि थिए । किराँत जस्ता वीर थिए, त्यस्तै नै हँसिला र कलाप्रेमी पनि थिए। संगीत र नृत्य उनीहरूलाई एकदम प्रिय थियो । उनीहरूको भाषा कर्णमधुर थियो, जसलाई भोटेभाषा भनिन्थ्यो ।

यस उपत्यकाका निवासी एकदम परिश्रमी र सहिष्णु थिए । तिनीहरू बिहान-बेलुकाको मुटु छुने सिरेटोको वास्ता नगरी आफ्नो काममा लागिरहन्थे। धेरै जसो किराँत सूर्योदयको सुनौलो घाममा आफ्नो खेत, बगैंचा र बारीमा काम गरिरहन्थे। उपत्यकाको ठूलो हाट बागमती किनारमा शिश्नदेव (पशुपति) को दक्षिणी छेउमा लाग्दथ्यो । क्रेता र बिक्रेता आ-आफ्ना काममा व्यस्त हुन्थे। आइमाईहरू पनि लोग्नेमानिससमान परिश्रमी पाइन्थे ।

यी किराँतहरू जति स्वस्थ र परिश्रमी थिए, त्यस्तै हँसिला र मिलनसार पनि थिए। छलकपट के हो, थाहा थिएन । बिहानीपख उपत्यकाको पश्चिमपट्टिको डाँडो नागार्जुनको प्राकृतिक शोभा अद्वितीय लाग्दथ्यो ।

सबैतिर एउटै माधुर्यपूर्ण आलोक छाएको थियो । डाँडोमा प्रभातकालीन सुर्यले रक्तिम किरण छर्दै थियो । रात्रिको हिउँ पग्लिसकेको थिएन। पातलो हिउँको पत्रमा सूर्यको रक्तिम किरण पर्दा सम्पूर्ण डाँडो नै स्वर्णमय बनेको थियो । विष्णुमतीमा सेता पंक्षीहरू जलक्रीडामा रत थिए । पश्चिमी हावा केही गतिसाथ बहिरहेथ्यो र त्यसको वेगमा डाँडाका वृक्षहरू नाच्दै बिस्तारै सुसाउँदै गाउँदै थिए ।

निर्जन डाँडो नागार्जुनतर्फ मानिसहरू लाम लागेर जाँदै थिए। लाग्दथ्यो उपत्यकाको सारा पुर मानवरहित हुँदैछ। तथागत केही दिनदेखि नागार्जुन पर्वतमा बसिर हनुभएको छ। तथागतकी आमा मायादेवी आफ्नो माइत जान लाग्दा लोमडी (लुम्बिनी) नामको शालवनमा सिद्धार्थ जन्मिए । त्यस स्थानमा झाघका सम्राट अशोकले आफ्नो राज्याभिषेकको २० औं वार्षिकोत्सवको अवसरमा गाडेको पाषाणस्तम्भ अहिले पनि छँदैछ ।

सिद्धार्थ जन्मिएको सात दिनपछि उनकी आमा मरिन् र उनको पालनपोषण उनको सानीआमा तथा सौतेनी आमा प्रजापती गौतमीले सम्हालिन् । युवक सिद्धार्थ सामान्य मानिसभन्दा पृथक् र एकान्तमा सोचिरहने। यस्तो स्वभाव देखेर उनका बाबु शुद्धोदनलाई छोरा कहीं जोगी त बन्ने भएन भनी डर लाग्नु स्वाभाविकै हो । छोराको मन घरगृहस्थीतर्फ लगाउन छिमेकी कोलीय गणकी सुन्दरी कन्या भद्रा कपिलायनी (अथवा यशोधरा) सँग विवाह गराइदिए । यसै विवाहले गर्दा नौ वर्ष याने २९ वर्षको उमेरसम्म (विक्रम पूर्व ४७७) घरमै रहे। सोही समयमा जन्मिएको छोराको नाम राहुल राखे ।

बृद्ध, रोगी, मृत्त र जोगी यी चारका बारेमा चिन्तन गर्दागर्दै उनी संसारसँग विरक्तिए र एकरात उनी चुपचाप घरबाट निक्लिए। अनेक ठाउँमा घुम्दाघुम्दै उनी आलार कालामकहाँ गए र योगबारे जानकारी प्राप्त गरे। गृहत्याग गर्दा तथागतको मनमा "सुखबाट सुख प्राप्त हुँदैन, दुःख



Downloaded from http://www.dhamma.digital

गरेमा मात्र सुख प्राप्त हुन्छ" (मज्झिम निकाय) भन्ने थियो । योगद्वारा तथागतको जिज्ञासा पूरा हुन सकेन । त्यसबेला योगज्ञाताका रुपमा उद्धक रामपुत्रको नाम चलेको थियो । त्यहाँ प्राप्त योगको ज्ञानले पनि उनी सन्तुष्ट भएनन् ।

त्यसपछि उनले ज्ञानप्राप्तिका लागि छ वर्षसम्म बोधगयाको नजिक योग र कठोर तपस्या गरे । शरीर सुकाउँदैमा तपस्याबाट ज्ञान पाउन सकेनन् । तब उनले ज्ञानको प्राप्ति योग र तपस्याबाट नहुने निर्णय लिन पुगे । तपस्याबाट ज्ञान पाउन नसकेपछि उनी विचार गर्न थाले । ज्ञानप्राप्तिका उपायहरू एकएक गर्दै मनमा आउँदै बिलाउँदै गर्न थाले । उनको मन कपिलवस्तुमा रहेको आफ्नै गणतर्फ पनि तानियो । आफ्नो कूल शाक्यहरूको खेतमा गृष्म ऋतुमा जमुनाको रुखतल चिसो छाँयामा बस्ता मन प्रफुल्लित भएको स्मरण भयो । मन आनन्दित हुने एकान्त स्थलमा तनलाई दुःखन नदिई मन एकाग्र पारी मनन गर्दा ज्ञान पाउन सकिन्छ कि" भनी सोचे । सबभन्दा पहिले त उनले गरिष्ठ भोजन गरी आफ्नो तनलाई पहिले जस्तै बलिष्ठ बनाए । तथागतको शब्दमा – "मैले एउटा रमणीय भूभागमा, वनखण्डमा एउटा नदी (निरञ्जना) लाई बहेको देखैं । त्यसको घाट रमणीय र श्वेत थियो । यही ध्यानयोग्य स्थल हो, (सोचेर) त्यहाँ बसैं । (र)...जन्मेपछिको दुष्परिणाम थाहा पाएँ...अनुपम निर्वाण पाएँ ...मेरो ज्ञान दर्शन (साक्षात्कार) पूर्ण भयो, मेरो चञ्चल हृदय अचल भयो, यो अन्तिम जन्म हो, अब फेरि (अर्को) जन्म हुँदैन (हुने छैन) ।" *क्रमशः*

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१) मोतिलाल शिल्पकार, जावलखोल महिनाको रु. ५००।- दरले एकमुष्ट रु. ६०००।-
२) केशचन्द्र शाक्य, बनेपा रु. ३०००।-
३) विकासचन्द्र शाक्य, बनेपा रु. २०००।-
४) पिपुल्स बचत तथा ऋण सहकारी संस्था, पुलबजार रु. २०००।- तथा स्टेशनरी सामानहरू प्रदान ।
५) मोतीलाल नकर्मी, सातदोबाटो रु. ११११।-
६) बाबुराजा तुलाधर, ग्लास हाउस, असन रु. ५००।-
७) भिक्षु शोभित स्थविर, गणमहाविहार रु. ५००।-

**वार्षिक आजीवन भोजन गराउनेहरू–**

८) श्रीधर, शान्ति मानन्धर, धरहरा रु. १५,०००।-
९) रुकमनी डंगोल (जन्मदिनको उपलक्ष्यमा) रु. १५,०००।-
१०) रत्नशोभा डंगोल (जन्मदिनको उपलक्ष्यमा) रु. १५,०००।-
११) Mr. Wasantha Harishchandra, Mrs Arundathi Pereha, Srilanka Rs. 8000/-

# रक्तदाता सम्मान

ब्लड डोनार्स एशोसिएसन नेपाल (ब्लोदान) ले नियमित रक्तदान गर्ने स्वयंसेवी रक्तदाताको सम्मानार्थ प्रत्येक वर्ष विशेष समारोह आयोजना गरी उहाँहरूलाई करद-पत्र सहित विशेष डोनरपीनबाट सुशोभित गरिन्छ ।

| डोनर पीन | रक्तदान संख्या | | |
|---|---|---|---|
| | पुरुष रक्तदाता | महिला रक्तदाता | नेगेटिभ रक्तदाता |
| डायमण्ड | १०० पटक | ५० पटक | ५० पटक |
| गोल्डेन | ५० पटक | २५ पटक | २५ पटक |
| सिल्भर | २५ पटक | १० पटक | १० पटक |

"रीसले वैरभाव शान्त हुने छैन, प्रेमभावले मात्र वैरभाव शान्त हुन सक्छ, यही सनातन देखि चली आएको धर्म हो" – धम्मपद



Downloaded from http://www.dhamma.digital

# संगायना स्वंगू नापं कथावत्थुप्पकरण (भाग–८)

भिक्षु उपतिस्स

थ्व प्यंगू सच्चिकट्ठय् प्रत्येक छगूली दोष निगू दुगुलिं थ्व प्यंगूयात "अष्टमुख निग्रह" धायगु याः। सकवादी पक्षं आरम्भ याःगु निग्रहय् (दोष क्यनीगु भ्वलय्) अनुलोम पंचक आदि निग्रह कथा न्यागू भाग दु। अनं परवादी पक्षं आरम्भ याःगु –

१) सब्बत्थ पुग्गलो नूपलब्भति, (न्ह्याथायस् परमार्थ कथं पुद्‌गल धयाम्ह मदुला?)

२) सब्बदा पुग्गलो नूपलब्भति - न्ह्याबलें परमार्थ कथं पुद्‌गल धयाम्ह मदुला ?)

३) सब्बेसु पुग्गलो नूपलब्भति - पंचस्कन्ध आदि ५७ गू मध्ये गनं छगूली परमार्थकथं पुद्‌गलमदुला ?)

धका अवसानय् धाःगु थ्व स्वंगूयात पच्चनिकानुलोम (निग्रह कथा धाइ।

सकवादया पाखें न्यासः व परवादक पाखें न्यासः धका कथावत्थुप्पकरणय् सूत्र द्वछि विस्तार यात। वादकथा २१७ गू दु। परवादीपिन्सं गुलिं दृष्टि, मति, धारण थःगु मत स्थापित यायेत स्वःगु खः। इमिगु उगु दृष्टि विशोधनया लागि सकवादी पक्षं प्रस्तुतयाःगु साधकसूत्र यक्व दु। गन गनं छगू हे सूत्र दोहरे जुथाय् नं दु। थुकथं कथावत्थुप्पकरणय् सूत्र द्वछि दुगु जुल।

गुलिं निकायवादीपिन्सं त्रिपिटकागत बुद्धवचन बुद्धं गुगु मती तया कना बिज्याःगु खः उगु कथं अर्थ मब्यूसें बुद्धवचन नापं थःगु मति नं प्रकट याःगु जुल। पुब्बसेलिय व सम्मिलिय वादीपिन्सं अन्तराभवकथा -मृत्यु जुया पुनर्जन्म मजूतले च्वना च्वनिगु थाय्-मृत्यु व पुनर्जन्मया बिचय् लाःगु भव) तक नं प्रचार्य् हःगु खने दु। अंगुत्तर निकायया तिक निपातय् "सो च पञ्चन्नं ओरम्भागीयानं सञ्ञोजनानं परिक्खया परिनिब्बायी होति" धयागु थ्व बुद्धवचनयात इमिसं कुबुद्धि बिचाःयाना अन्तराभव कथा प्रचारयाःगु जुल। इमिगु धाःपु कथं थ्व लोकं परलोक वंम्ह (सत्व) दिब्यचक्षु हीनम्ह जूसां दिब्यचक्षु दुम्ह थैं, ऋद्धि मदुम्ह जूसां ऋद्धि दुम्ह थें, मांम्ह ऋतुमती जुइगु ई व मांबौया एकत्र जुइगु (संगम) ई स्व स्वं न्हेनू वा न्हेनुं अखः दिन तक पियाच्वनिगु गुगु ई खः, मत्यु व गर्भधारणया बिचय् लाःगु गुगु कालखण्ड खः, उगु ई, उगु कालखण्डयात इमिसें "अन्तराभव" धाःगु जुल।

दस संयोजन मध्ये ओरम्भागीय संयोजन न्यागू क्षय याना सम्पूर्ण दुःख नाश जुया निर्वाण जुइ धायेत "अन्तरापरिनिब्बायी" धाःगु थ्व वचन इमिसं कुबुद्धिं (अयोनिसो मनसिकार) बिचाःयाना अन्तराभव दु धकाः प्रचारयाःगु सिइ दु। इमिसं धाःथें अन्तराभव दुगु खःसा "उपहच्चभव" नं दयेमाःगु खः। छाय्धाःसा "उपहच्चपरिनिब्बायी" धयागु खं नं दु। परवादीपिन्सं उपहच्च भवया धाःसा खं मल्हाः। काम, रुप व अरुप धका लोक अथवा भव स्वंगू बाहेक प्यंगूगु भव ला दु हे मदु। अथेहे अन्तराभवय् यंकीगु कर्म (अन्तराभववूपग कर्म) नं गनं उल्लेख जूगु मदु। इमिसं धाःगु अन्तराभवय वेदना, संज्ञा आदि नं मदु। जरामरण नं मदु। उकिं इमिगु वाद कथावत्थुप्पकरणय् खण्डनयाःगु जुल।

अन्तराभववादीपिन्सं लिपा हाकनं अन्तराभव संकल्प स्थापित यायेत थःगु दृष्टि नापं मिलेजूथें च्वंगु त्रिपिटकागत वचन अन्वेषण यात। उदानपाली बाहिय सूत्रपाठय् "ततो त्वं बाहिय, नेविध न हुरं न उभयन्तरेन" धाःथाय् "उभयन्तरेन" धागु पद, सुत्तनिपातय् करणीयमेत्त सूत्र पाठय् "भूता वा सम्भवेसी" धाःगु पदं धायेत्यंगु सही अर्थ मब्यूसे "अन्तराभव" दु धका इमिसं कयनाबिइत कुतः याःगु जुल। उदानपालिया अर्थकथा आचार्य भदन्त धर्मपाल भन्ते नं बुद्धवचन अनुसार अर्थकथा ब्याख्या याना "अन्तराभव दु" धका बुद्धं धया मबिज्याःगु खं कनातल।

उदान अर्थकथा सम्पादन यायेधुंका छुं समय लिपा सर्वास्तिवादी निकाययाम्ह वसुबन्धु आचार्य अन्तराभव दु धयागु मत स्थापित यायेत कुतः याःगु खः। वसपोलया अर्थकथन अनुसार मज्झिम निकायय् महातण्हसङ्ख सूत्रय् वम्ह "गन्ध" (गन्धर्व) यात **"अन्तराभव-सत्व"** धका धाःगु जुल। उगु सूत्र अनुसार मांबौया संगम - एकत्र) जुइगु, मांम्ह ऋतुमती (उतुनी) जुइगु व गन्धर्वया उपस्थितिधाःयाय् गन्थर्वयातअन्तराभव-सत्व कथं काःगु जुयाच्वन। कथावत्थुप्पकरणय् "अन्तराभवे अत्थि रुपं, वेदना, सञ्ञा, संखारा, विञ्ञाणं ? (अन्तराभवय् रुप, वेदना, संज्ञा, संस्कार विज्ञान (Consciousness) दुला ?) सकवादीपिन्सं थथे न्यंगु प्रश्नयात परवादीपिन्सं "न हेवं वत्तब्बे" (थथे धाये मज्यू) धका उत्तर ब्यूगु जुल। *क्रमशः*



Downloaded from http://www.dhamma.digital

# मैत्रीं जाःगु स्वभाव

प्रेमलक्ष्मी तुलाधर

थीथी मनूतय् थीथीकथं म्वाय्गु हुनि दयाहे च्वनी । गुम्हं मनू शुद्ध मनं सकल प्रति निश्वार्थ भावं माया ममता तयाः थीथी ज्याखँय् गुहालीयानाः न्ह्याःवना च्वनी । अले गुलिं मनू देगलय् वनाः द्यो पूजा याःवनी, ब्रत च्वनी, धलं दनी, म्ह च्वखोयानाः सुनानं मथीक मोल्हुई । यदि सुनानं थिल धाःसा तं चायाः ल्वानाः व्यवहारिक पक्षं मस्वसें जा भ्याः मजूगु वसनं पुनाः थःत शुद्ध व धर्मात्मा भाःपियाच्वनी ।

गुम्हं मनूत कतःयात माया व गुहालीयाना थः परिवारयात गिन्ती हे मयास्य हक्काः ब्वःबियाः अशान्ति यानाच्वनी सा गुम्ह मनूत थःत व कतःयात नं वास्ता मयास्य बेतालं जुयाच्वनी । प्राणीपिं मध्ये मनूतयगु थीथी स्वभाव खः थ्व । तर धात्थें धाय्गु खःसा भिंगु मनं सकल प्रति माया, दया तयाः गुहाली यानाः निस्वार्थ भावं व्यवहारिकतायात घय्पुनाः याय्गु ज्या हे ब्रत च्वनेगु धलं दनेगु धर्मया तरीका खः । मनूया म्हसीका लिसें व्यक्तित्वया न्हाय्कं अथवा बाँलाःगु स्वभाव खः ।

भगवान् बुद्धं धयाबिज्याःगु द– "भिंगु धर्मयुक्त चित्त थानाथान कोशल ज्ञान अर्थात् थाय् स्वयाः ज्या खँ याय्गु, नायूगु पहः इमानजमान मेहनत, समताभाव, ईर्ष्या, तं आदि भाव मदुम्ह मनूयात हे मानव दर्शन धाई । गुम्ह मनूयाके थज्याःगु भाव दैमखु व अमनुष्य वा कोह्यंम्ह ज्वी ।"

भौतिक संसारय् जक लिकुनाः ज्ञानगुणयात हाकुतिनाः मोजमज्जा हे जीवन खः धकाः जूपिं मनुतय्सं गथेयानाः थुइकेफई वास्तविक प्रज्ञा युक्तगु ज्ञान बुद्धियात ?

थौंकन्हे अपोसिया छगू हे जक ध्यान दु, "ध्यबा" । खनं खः ध्यबा विना हलिमय् छुं नं मदु । मनूया स्वभावयात ह्यूपाः हःपा बीम्ह नं ध्यबा हे खः । ध्यबां मनूयात न्यानाकाई । तर मनुखं ध्यबा न्याना काय् फै मखु । बरु थःगु अस्तित्वयात मियाः क्षणिक सुखयात कय्पुनाः जीवनकाःछि गुलाम जुइत बाध्य जुयाच्वनी ।

थःगु इच्छा पूवंकेया लागि धलं दनाः ब्रत च्वनाः द्योयाके ल्हाःनिपां फ्वनाः थ्व दय्मा व दय्मा धकाः आशाकुती पहः पिकयाः कपाः ह्वगंक भागियानाच्वनी । तर गथे यानाः बी द्यवं बरदान ? थःगु मन शुद्ध यानाथें मनं छगू म्हुतुं छगू ज्या खँ मयासे शील स्वभाव बाँलाकाः व्यवहारिक रुपं सकल नाप मिलेचले जुयाः इमान्दारी जुया मन, वचन व कर्म भिंकाः ज्या याःसा द्यवं बरदान बीकेम्वाः । अथेंहे लाभ जुयावई । द्यवं नं वरदान धात्थें ब्यू । तर गुबले धाःसा स्वचित्त स्वमन व निस्वार्थ भावं पूजायात धाःसा अवश्यनं द्यो खुशी जुयाः इच्छा पुरे यानाबी । थ्व इच्छा पुरेयानाः ब्यूगु धयागु नं ला थःगु बानी स्वभावं सेवा भावं जूगु खः । तर मनूतय्के थःत वाला स्वय्गु बानी मदु । ज्या सफल जुलकि द्यवं जितः स्वल धकाः फूर्ति याई । थम्हं स्वचित्तं याना जूगु धकाः सीमखु । हानं गुबलें गुबलें दुःख जुल धाय्वं थःगु विपाक वा बानीं जूगु धकाः मसियाः हानं वहे भक्तिभावं ब्रत च्वना च्वंनाम्ह द्योयात ब्वःवी । थ्व हे खः मनूतय् कतिलाः पाकः बुद्धि ।

अथे जूगुलिं ला भगवान बुद्धं द्यो धकाः शरण वने मते । थःगु शरण थःहे ज्वी सय्कि, थःगु मत जलं थःत व सकसितं खय्काः उद्धार याय् सय्कि, सुयागुं भरोसाय् च्वनेमते, वनेमते थःगु हे शरणे वनेगु स्वः अर्थात् बुद्धयात म्हसीकि, धर्मयात पालनया, संघया शरणे वनाः संगठित रुपं मति भिंकाः ज्या या, उकीयागु कुशल कर्म पुण्यया फल हे धर्मया वरदान खः धकाः धयाबिज्यात ।

गुम्ह गुम्हं मनूत तसकं मभिसां तःमि जुयाः घमण्डी जुयाच्वनी । बँय् पलाः हे थाइमखु तर वं मथू न्हापायागु पुण्यया फलं थुगु जुनी थथे जूगु धकाः मसियाः उकिं हे जक भक्तजुया जीवनया व्यर्थ मथुइक ययःथे सनाज्वी । थुगु जन्मया भोग मेगु जुनीलाई धका मसियाः फुइँ यानाः जीवनया अर्थ मथ्वीक म्वानाः धर्मकर्मयात मथ्वीकुसे ध्यबाया बलं अहंकार भय्बीकाः तामासी धर्म याःज्वी । पूण्यला दई तर बछि लःदुगु छ्याम्पां छ्याम्पां संगु घःथें ज्वी ।

थौंकन्हे मनूतय् ब्रत च्वना धकाः फलफुल नयाः टँटलापुर निभाले द्यो पूजा यानाज्वी । थः परिवार व



Downloaded from http://www.dhamma.digital

भाःतया भिं उसाँय्, ताः आयुया निंतिं लः छ्फुति हे मत्वंसे शरीरयात दुःख बियाः भक्ति मार्गे पलाः छिनाज्वी । भक्ति मार्गय् पलाः तःसां शरीरयात नं लिफः स्वयाः ज्या याःसा धर्मयात ल्वय्क कर्म नं बाँलाना च्वनी । शरीरय् ल्वय् जुलकि थःत नं परिवारयात नं दुःख ज्वीका च्वनेमाली अले धर्म याना नं पापं पूं का धकाः कतिलाः पाकः खं ल्हाना ज्वी ।


थौंकन्हे न्ह्याथाय् स्वःसां मिसात हे जक अपो ब्रत च्वनाः पारिवारिक सुख समृद्धिया आंशिका यानाच्वनी । तर मिजंत धाःसा गुबलें ब्रत च्वनेम्वाः, थः कलाःया लागि नं मस्तय् लागि नं ।

करपिनि मिसात खनकि मन व मिखा फसय् कय्का ज्वीपिं, थःगु छ्येंं कलाःयात तं पिकयाः जिलला, दायाँ जिलला, सामान स्यंकाः जिलला थुकथं ल्वापु यानाज्वीपिं मिजंत नं मदुगु मखु ।

अथेजुगुलिं भगवान् बुद्धं उपासकोपासिकापिनि लागि “गृहीविनय” धकाः थथःगु कर्तव्य बोध याकेगु नियम दय्का विज्याःगु । थुगु विनयलय् कलातं भातप्रति, भातं कलाःप्रति, मां अबुं काय् म्ह्यायप्रति, काय्म्ह्याय् पिसं थःमां अबुप्रति, गुरुं शिष्य प्रति, व शिष्यं गुरुप्रति, च्योनं मालिक प्रति, मालिकं च्यो प्रति, याय्माःगु कर्त्तव्य स्यनातःगु दु । थुकथं भक्ति मार्ग स्वयाः नं ज्ञानमार्गय् दुहाँवनाः व्यवहारे ल्वःकथं थःत छ्यले फत धाःसा तिनि मनूतय् थःथःगु पहःचहःले ह्यूपाःवाई । शीलाचरण व धर्माचरणय् थःत छ्यले फत धाःसा तिनि ज्ञान, विवेक, बुद्धि दयाः मनुतय् स्वभाव बाँलाई, हलिमय् सुख शान्ति दयावै । ल्वापु ख्वापु मदयाः मैत्री व सुखपूर्वक जीवन न्ह्याई । ❖

# नव उपसंघनायक पदस्थापन

*२०६८ फागुन २६ गते शुक्रवार*
*स्थान- विश्वशान्ति विहार*



**नव उपसंघनायक**
**भिक्षु ज्ञानपूर्णिक महास्थविर**

*वि.सं. २०६८ फागुन १४ गते, आइतवार* उपसंघनायक **भिक्षु कुमार काश्यप महास्थविर** दिवंगत हुनुभएपछि उक्त पद रिक्त भएको थियो । त्यसैले नेपाली भिक्षु महासंघका सदस्यहरूले विश्वशान्ति विहारस्थित भिक्षुहरूको संघ कर्म गर्ने सीमागृहमा उक्त धर्म गौरवयुक्त सम्मानित पदमा भिक्षु ज्ञानपूर्णिक महास्थविर लाई संघ सम्मान सहित ज्ञप्ति कर्मद्वारा **“उपसंघनायको पतिपट्ठान”** गरी धार्मिक विधिपूर्वक प्रतिस्थापन पदस्थापन गरी विनयकर्म विधि सम्पन्न गरेको समाचार छ । २०६८ फागुन २६ गते शुक्रवार सम्पन्न गरिएको उक्त कार्य संघनायक भिक्षु अश्वघोष महास्थविरको समुपस्थितिमा सुसम्पन्न गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

## सूचना ! सूचना !! सूचना !!!

# "रक्तदान अमृतदान, रक्तदान जीवनदान"

२५५६ औं वैशाख पूर्णिमा तथा धर्मकीर्ति विहारको ४७ औं एवं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको ४१ औं वार्षिकोत्सवको उपलक्ष्यमा यस धमकीर्ति विहारले गत वर्षहरूमाझैं यस वर्ष पनि यही २०६९ वैशाख २३ गते शनिवारका दिन २९ औं पटकको रक्तदान कार्यक्रम सञ्चालन गरिने भएको हुनाले रक्तदान गर्न इच्छुक सम्पूर्ण उपासक उपासिका परिवारहरूलाई रक्तदान गरी कार्यक्रम सफल पारिदिन हुन हार्दिक अनुरोध गर्दछौं ।

*स्थान*- **धर्मकीर्ति विहार, श्रीघः, नघःल**

*समय*- **विहान ८:३० वजे देखि १२:०० वजेसम्म**

*रक्तदान शिविर सञ्चालन*- **२०६९ वैशाख २३ गते, शनिवार**

*आयोजक*- **धर्मकीर्ति स्वास्थ्य कमिटि**

## धर्मकीर्ति परियत्ति शिक्षा केन्द्रको लागि चन्दा सहयोग

**धर्मकीर्ति परियत्ति शिक्षा केन्द्रको सहयोगार्थ दाता प्रकाशवीरसिंह तुलाधरबाट रु. १५००/- चन्दा सहयोग प्रदान गरी पूण्य सञ्चय गरिएको छ। दाता प्रकाश वीरलाई धर्मकीर्ति परियत्ति शिक्षा केन्द्रको तर्फबाट साधुवाद प्रकट गरिएको छ।**

अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपज्जित्वा निरूज्झन्ति तेसंऊपसमो सुखो ॥

*जन्म :*
वि.सं. २००० श्रावण २९ गते,
शुक्रवार



*दिवंगत :*
वि.सं. २०६८ फागुन ८ गते
सोमवार

# दिवंगत चन्द्रशोभा कंशाकार

मायायागु भमरिस हित्तुहिलाच्वनापिं, ज्ञानयागु दुँगाय् च्वनाः भवपार जुय्नु
दुःखमय संसारस दुःखी जुयाच्वनापिं, सत्यज्ञान प्राप्त याना दुःखं मुक्त जुय्नु

धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनया दुजः **चन्द्रशोभा कंशाकार**, ज्याठायात सत्य ज्ञानया मार्ग प्राप्त ज्वीमा, निर्वाणया लँपुई लाय्मा धकाः भिंमनं तुनाच्वना ।

## धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः

धर्मकीर्ति विहार, श्रीघः नःघः



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार — गतिविधि

## बुद्धलाई चिनौं

*२०६८ माघ ७ गते*

*स्थान- धर्मकीर्ति विहार ।     प्रस्तुती- सुमीत्रा तुलाधर*

यसदिन पूज्य भिक्षु अश्वघोषले "**बुद्धलाई चिनौं**" विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो– बुद्ध जीवनी अध्ययन गरी हेर्दा भगवान बुद्धले बुद्ध पपिरनिर्वाण पश्चात्को लागि भनी कसैलाई उत्तराधिकारी नियुक्त गर्नुभएको देखिंदैन । जसले धर्म र विनय पालन गर्छ, उही गुरु हुनेछ भनी उहाँले भिक्षुसंघ स्थापना गरिदिनुभयो । बुद्ध शिक्षामा आचरण र राम्रो व्यवहारलाई मान्यता दिएको छ । जसले शील पालन गर्छ, धर्माचरण पालन गर्छ, त्यसलाई नै धर्मको नियममा रहेको व्यक्ति भनिन्छ । कसैले कसैको मन शुद्ध पार्न सक्दैन, आफैंले आफ्नो मन शुद्ध पार्न अभ्यासरत रहनुपर्छ । हिलो र फोहरयुक्त पोखरीबाट शुद्ध पवित्र कमलको फूल फुलेजस्तै भगवान् बुद्ध पनि फोहर, प्रदूषित क्लेशले भरिएको मानिसहरू बसोवास गरेको संसारमा जन्मनुभई तिनीहरूबाट अलग्ग रही पवित्र व्यक्ति बन्न सफल हुनुभयो । भगवान् बुद्धले आफ्ना शिष्यहरूलाई बोध गर्नुहुँदै भन्नुहुन्थ्यो– "बुद्ध शिक्षालाई कसैले प्रशंसा गऱ्यो भनी खुशीमा बेहोशी बनन । कसैले निन्दा गऱ्यो भने क्रोधित पनि नबन । कसैको कार्यमा आलोचना गर्ने, तुरुन्त प्रतिकृया जनाउने नगर्नु । शत्रुको दोष बिर्सी गुण स्मरण गर्नसके आफ्नै मन पहिला शान्त हुनेछ । अरूले खराब कार्य गरेको देख्ने बित्तिकै त्यहाँ आलोचना गर्नु अगाडि त्यस्तो नराम्रो कार्य आफ्नोतर्फबाट पनि भइरहेको छ वा छैन यसलाई ध्यानदिनु उत्तम हुनेछ । आफूले गरेको राम्रो नराम्रो कार्यको फल आफैले भोग्नुपर्ने हुन्छ ।"

एकदिन भगवान् बुद्ध– भिक्षु आनन्दसंग एक गाउँमा जानुहँदा सुप्रबुद्ध नामक एक व्यक्तिले उहाँको बाटो छेकी भोजन रोकिदिएको थियो । भगवान् बुद्ध त्यसदिन भोकै रहनुभएको थियो । यस पापकर्मको फल उसले ७ दिन भित्रमा मृत्युको रुपमा भोग्नेछ भनी भगवान् बुद्धले भविष्यवाणी गर्नुभएको कुरा त्यस व्यक्तिले सुनेछ । त्यसैले उ मृत्युभय देखि डराई ७ तल्ला माथि घरमा लुकेर बसे । तर अचानक उनको प्यारो घोडा उसलाई नदेखी मालिकको वियोगमा यत्रतत्र दगुर्दै भौंतारिरहेको उसले देखेछ । आफ्नो प्यारो घोडाको कष्ट हटाउन उ वेहोशी बनी साततल्ला माथिबाट तल ओर्लंदा खसेर उनको मृत्यु हुन पुग्यो । यसरी आफ्नो कुकर्मको फल आफैंले भोगेर देखायो ।

**विषय– भव (संसारबाट) अलग हुने कसरी?**

*२०६८ माघ १४ गते*

*प्रवचिका- श्रद्धेय अनुपमा गुरुमां*

*प्रस्तुती- मिनरवती तुलाधर*

यस दिन श्रद्धेय अनुपमा गुरुमांले भव संसारबाट अलग हुने कसरी भन्ने विषयमा बताउनु भएको थियो ।

हामीले आफ्नो मन भित्रको क्लेश) राग, द्वेष, मोहलाई हटाउनुपर्छ । साथै दान, शील, भावनाद्वारा चित्तलाई शुद्ध गर्नुपर्छ । भगवान् बुद्धले वैशाख पूर्णिमाको दिन दुःखमय जीवनको यथार्थको ज्ञान बोध गर्नुभयो । जसलाई चतुआर्य सत्य भनिन्छ । चार आर्य सत्य भन्नाले–

(१) दुःख सत्य– संसारमा दुःख छ, जस्तै जन्म, जरा, ब्याधी, मरण, प्रियसंग वियोग, अप्रियसंग संयोग, इच्छा पूर्ति नहुनु, शरीर धारण गर्नु दुःख हो ।
(२) दुःख समुदय– दुःखको कारण तीनवटा तृष्णाको कारणले हुन्छ । जस्तैः काम, तृष्णा, भव तृष्णा, विभव तृष्णा ।
(३) दुःख निरोध सत्य– दुःखलाई हटाउन सकिन्छ ।
(४) दुःख निरोध गामिनी मार्ग सत्य– दुःख हटाउने मार्ग आठवटा छन् ती हुन्–

१) सम्यक् दृष्टि– ठीक सोचाई
२) सम्यक सङ्कल्प– नियत राम्रो हुनु
३) सम्यक वचन– ठीक कुरा गर्नु
४) सम्यक कर्मान्त– आफूलाई र अरूलाई हानी हुने काम नगर्नु
५) सम्यक आजीविका– निर्दोष जीवन जीउनु
६) सम्यक व्यायाम– ठीक तरीकाले मेहनत गर्नु
७) सम्यक स्मृति– तर्क हुनु, होशीयारी हुनु
८) सम्यक समाधि– चित्त एकाग्र हुनु

यी आठ मार्गलाई व्यवहारमा उतार्न सकेमा भव संसारबाट अलग हुन सकिन्छ र साथै दुःखबाट पनि मुक्त हुन सकिन्छ । बुद्धको अन्तिम वचन होशपूर्वक काम गर्नु हो ।



Downloaded from http://www.dhamma.digital

## मानवीय बुद्ध धर्म

*२०६८ माघ २८ गते, शनिवार*

*प्रवक्ता- देवकाजी शाक्य। प्रस्तुती- राजभाइ तुलाधर*

बुद्ध धर्म बाहेक अरु सबै धर्ममा ईश्वर, अवतार, ईश्वरको प्रतिनिधि आदिको परिकल्पना गरिएको छ। बुद्धले आफैंलई त्यस्तो केही भन्नु भएन। वहाँ स्वयं मानव भएर जन्मनुभयो र मानवीय गुणहरूलाई परिपूर्ण गर्नु भई आफैंले खोजी पत्ता लगाएको ज्ञानद्वारा सम्यक संबुद्ध बन्नुभयो। यही ज्ञान प्राप्त गरेर स्वयं दुःखचक्रबाट मुक्त हुनुभयो र अनेक अरुलाई पनि मुक्त हुनको लागि मार्ग दर्शन गर्नुभयो। बुद्ध धर्म कुनै साम्प्रदायिक धर्म होइन। बुद्धले जुन शिक्षा प्रदान गर्नुभयो त्यो सम्पूर्ण मानवजातिको लागि दुःखबाट स्थायी छुटकारा पाउने उपाय थियो र अहिले पनि हो। मानवीय बुद्धधर्म भनेर भन्दा यो कुनै विशेष बुद्ध धर्म होइन। बुद्ध धर्म भित्र अनगिन्ति मानवतावादी पक्षहरू निहित भएकोले त्यसै लाई समेटेर मानवीय बुद्ध धर्म भनिएको हो।

बुद्धले कहिल्यै पनि आफ्नो विचार अरुमाथि थोपर्न खोज्नु भएन। सबैलाई पहिला आफ्नो विवेक बुद्धि प्रयोग गरेर हेर, अनि मात्रै ग्रहण योग्य छ भन्ने लागे ग्रहण गर भन्नभयो। धर्ममा शङ्का, भ्रम रहनु हुँदैन। यदि छ भने त्यसलाई निवारण गर्नुपर्दछ। बुद्धले महापरिनिर्वाण हुनु केही क्षण अघिसम्म पनि भिक्षुहरूलाई यदि केही शङ्का बाँकी छ भन्ने सोध भन्नु भएको थियो। धेरैजसो ब्राह्मणहरू वेदमा लेखिएका कुरालाई मात्र सत्य मान्दथे, तर बुद्धले कसैलाई मेरो मात्रै कुरा सत्य अरुको झुठ भनेर भन्नुभएन। वहाँ उदारवादी, महाकारुणिक र सहिष्णुताले परिपूर्ण हुनुहुन्थ्यो। कुनै अरु धर्मगुरुको शिष्य बुद्धको उपदेशबाट प्रभावित भई वहाँको शिष्य बन्न लागे पनि वहाँले त्यस व्यक्तिलाई पहिलाको गुरुलाई पनि नबिर्स भन्नुहुन्थ्यो।

मानवीय बुद्धधर्मले यदि बुद्ध बन्ने चाहना छ भने पहिले पूर्ण मानव बन्नपर्छ भन्छ। मानवताको मार्ग नै बुद्धत्व प्राप्त गर्ने मार्ग हो। बुद्धले प्रतिपादन गर्नुभएको धर्म जड धर्म होइन। वहाँले भिक्षुहरूलाई समय सापेक्ष भएर सानातिना विनयका नियमहरूलाई संघद्वारा अनुमो दन गराइ परिवर्तन गर्न सकिन्छ भन्नु भएको थियो। माष्टर सिङ्गयुनले पनि बुद्ध धर्मको प्रचार प्रसार गर्न आधुनिक उपकरणहरूको प्रयोग गर, सदुपयोग गर भन्नुभएको छ। मुख्य कुरा सबै किसिमको आशक्तिबाट मुक्त हुनु हो। भगवानले डुङ्गाको उपमा दिएर भन्नु भएको थियो यो नदी तर्नको लागि हो। तरीसकेपछि यो कामलाग्ने कुरा भनेर बोकेर हिंड्नलाई होइन। त्यस्तै धर्म पनि संसाररुपी दुःखको नदी तर्नलाई हो, तरी सके पछि यो मेरो धर्म भनी गहिरो आशक्ति राखी समाती रहनलाई होइन। भगवान सबै किसिमको आशक्तिबाट अर्थात् दुःखबाट मुक्त हुनु भएको थियो। वहाँले देखाउनु भएको मानवतावादी मार्ग अनुशरण गरेर हामी पनि मुक्त हुन सक्छौं।

## विषय– अंगुत्तर निकाय (दुक्क निपात)

*प्रवचक- मदनरत्न मानन्धर। प्रस्तुती- सुभद्रा स्थापित*

यसदिन प्रवचक मदनरत्न मानन्धरले अंगुत्तर निकायको दुक्क निपात विषयमा व्याख्या गर्नुहुँदै भन्नुभयो– "बुद्धकालिन समयमा ठुल्ठूला विद्वानहरू मध्ये आयुष्मान् महाकात्यायन समक्ष आरामदण्ड ब्राह्मणले यसरी प्रश्न गरेका थिए– भन्ते ! मानिसहरू किन एक आपसी जातीमा नै खिंचातानी गरी झैझगडा गर्छन्, क्षत्रीले क्षत्रीसंग, ब्राह्मणले ब्राह्मणसंग, गृहपतीले गृहपतीसंग ? ब्राह्मणको प्रश्नको उत्तर दिनुहुँदै भिक्षु महाकात्यायनले मुख्य कारणहरू यसरी बताउनुभयो–

१) कामभोगमा आशक्ति भइरहनाले
२) कामभोगको जालमा फसिरहनाले
३) कामभोगको फोहर हिलोमा डुबिरहनाले
४) कामभोगको खाल्डोमा नै परिरहनाले

उत्तर पाइसकेपछि ब्राह्मणले फेरि नम्र रुपले प्रश्नगरे– भन्ते ! श्रमण श्रमण विच पनि एक आपसमा झमेलाहरू उत्पन्न भइरहनुको कारण के होला ?

यसप्रश्नको उत्तर पनि भन्तेले यसरी दिनुभयो–

१) मिथ्या दृष्टि प्रति आशक्त भइरहनाले।
२) मिथ्या दृष्टिको जालमा फसिरहनाले।
३) मिथ्या दृष्टिको हिलोमा खेल खेले जस्तै खेलिरहनाले।
४) मिथ्या दृष्टिको खाल्डोमा परिरहनाले।

त्यसैले शरीरको ६ इन्द्रियद्वारा मनोमानि राजगर्ने कार्यबाट सम्यक दृष्टिको मात्र ख्याल गर्न सक्नुपर्छ। अनि यस्तो काम भोगको बन्धन, आशक्ति र मिथ्या दृष्टिलाई पार गर्न सक्ने कोही छ त ? भनी ब्राह्मणले गरेको प्रश्नको उत्तरमा एउटै मात्र अर्हत् महामानव सम्यक सम्बुद्ध हुनुहुन्छ भन्नुभयो। यसरी उत्तर



Downloaded from http://www.dhamma.digital

पाउनासाथ तथागत जुन दिशामा रहनुभएको थियो । त्यस दिशातर्फ फर्की ब्राह्मणले आफ्नो ओढ्ने काँधमा मिलाई पञ्चाङ्ग वन्दना गऱ्यो । त्यही दिनदेखि ब्राह्मणले त्रिशरण भई महाकात्यायन भन्तेलाई वन्दना गऱ्यो । यसरी महाकात्यायन भन्तेले ब्राह्मणलाई ज्ञानको आँखा उघारिदिनु भएको थियो ।

## अल्पकालिन श्रामणेर तथा ऋषिणी प्रव्रज्या (२०६८) कार्यक्रममा आवश्यक सहयोग गर्नुहुने दाताहरूको नाम र सहयोग विवरण–

*प्रस्तुती- अमीरकुमारी शाक्य ।* धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीद्वारा आयोजित अल्पकालिन श्रामणेर एवं ऋषिणी प्रव्रज्या शिविर (२०६८ पौष २१ गते) मा आवश्यक सहयोग उपलब्ध गरी पूण्य सञ्जय गर्नुभएका दाताहरूको नामावली र उहाँहरूले उपलब्ध गराउनु भएको सहयोग विवरण यसरी रहेको छ–

**जलपान दाताहरू–**

१) लिपिका बानिया २) लक्ष्मी कंसाकार ३) श्रावस्ती तुलाधर
४) सरोज मानन्धर ५) सर्वज्ञरत्न प्रेमहेरा तुलाधर
६) मोहनी श्रेष्ठ, क्षेत्रपाटी ७) नानीमाया महर्जन

**जूस दाताहरू–**

१) सुभद्रा स्थापित २) लक्ष्मी कंसाकार
३) कीर्ति तुलाधर ४) पूर्णहेरा तुलाधर

**भोजन दाताहरू–**

१) विशाल शाक्य र श्रिया शाक्य
२) रिसु शाक्य र जेनिस शाक्य
३) स्तुति तुलाधर ४) नीलविरसिं कंसाकार
५) लक्ष्मी कंसाकार ६) राजदिप श्रेष्ठ
७) मोहनी श्रेष्ठ (क्षत्रपाटी) ८) प्रविन तुलाधर
९) सुमित्रा मानन्धर १०) प्रदिप र कपिल
११) युगिना तुलाधर, न्ह्योखा

**मिश्रिकाँडा दाताहरू–**

१) राजेशमान तुलाधर २) लक्ष्मी कंसाकार
३) रामेश्वर महर्जन

**विविध दानका दाताहरू–**

१) बुद्धकुमारी मानन्धर २) पद्मा मानन्धर, टेकु
३) नानी मैञाँ श्रेष्ठ ४) करुणा र सविता
५) अम्बिका श्रेष्ठ ६) दुर्गा रेग्मी ७) विकाश शाक्य
८) इना बज्राचार्य ९) जेनिस शाक्य

उक्त शिविरको आयव्यय विवरण यसरी रहेको छ–
आय स्रोत अर्थात्

**आय : रु. १०८०५०/–** **खर्च : रु. ७७३३३/–**
**बाँकी : रु. ३०७१७/–**

***नोट- बाँकी रकम रु. ३०७१७/– प्रव्रज्या कोषमा दाखिल गरिएको छ ।***

## साप्ताहिक अल्पकालिन प्रव्रज्या शिविर कार्यक्रम विवरण

| क्र.सं. | मिति | प्रवचक | विषय | प्रशिक्षक | विषय |
|---|---|---|---|---|---|
| १ | २०६८।९।१५ | भिक्षु अश्वघोष महास्थविर | ओवाद उपदेश | इन्दावती गुरुमां | नैतिक शिक्षा |
| २ | २०६८।९।१६ | सयादो उ. सुजन<br>पीय/अनु. विणा गुरुमां | ध्यान भावना | उत्तम भन्ते<br>प्रसन्न ताम्राकार | चित्रकला<br>चित्रकला |
| ३ | २०६८।९।१७ | इन्दावती गुरुमां | दशपारमिता | अमरावती गुरुमां<br>तारादेवी तुलाधर | अष्टशील महत्व<br>स्वास्थ्य |
| ४ | २०६८।९।१८ | वीणा गुरुमां | चतुआर्य सत्य र<br>आर्य अष्टाङ्गिक मार्ग | अनुपा श्रेष्ठ र<br>वीणा गुरुमां | एम.सी.<br>बुद्धवारी भ्रमण |
| ५ | २०६८।९।१९ | अनुपमा गुरुमां | मांया गुण | मदनरत्न मानन्धर<br>र इन्दावती गुरुमां | बुद्ध जीवनी र<br>जातक कथा<br>(भिडियो मार्फत) |
| ६. | २०६८।९।२० | केशवती गुरुमां | दश संयोजन | विकास तुलाधर<br>उर्मिला ताम्राकार | शुरु शुरु न्ह्यसः<br>खुरु खुरु सिरपाः |



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको ४० औं वार्षिक भेला सम्पन्न

*२०६८ फागुन ४ गते, शनिवार*
*स्थान- धर्मकीर्ति बसुन्धरा विहार, वसुन्धरा डोल*
*प्रस्तुती- शुभवती गुरुमां*

२०२८ सालमा स्थापित धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको ४० औं वार्षिक भेला धर्मकीर्ति वसुन्धरा विहारमा सम्पन्न गरिएको छ । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा सञ्चालित उक्त कार्यक्रमको पहिलो चरणमा धर्मकीर्ति ज्ञानमाला भजनको भजन प्रस्तुती, बुद्धपूजा कुशम गुरुमांको तर्फबाट धर्मदेशना आदिबाट सम्पन्न भएको थियो ।

कार्यक्रमको दोस्रो चरण भोजन पश्चात् शुरु गरिएको थियो । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका धर्मानुशासक, संघनायक भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्य एवं कुशम गुरुमांको सभापतित्वमा सञ्चालित यस कार्यक्रममा गोष्ठीको निवर्तमान सचिव रमाशोभा कंशाकारले स्वागत भाषण गर्नुभएको थियो । यस कार्यक्रममा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीमा अमूल्य प्रवचन दिनुभई गुण गर्नुभएका संघ उपनायक स्व. कुमार काश्यप महास्थवीरको गुणानुस्मरण गरी १ मिनेट मौन धारण गरिएको थियो ।

कार्यक्रममा गोष्ठीको वार्षिक प्रतिवेदनहरू प्रस्तुत गर्ने क्रममा तल उल्लेखित विषयहरूमा विभिन्न व्यक्तिहरूले प्रतिवेदन प्रस्तुत गर्नुभएका थिए ।

| | विषय | प्रतिवेदन प्रस्तुत गर्ने व्यक्ति |
|---|---|---|
| १ | अल्पकालिन श्रामणेर तथा ऋषिणी प्रव्रज्या कार्यक्रम | सरोज मानन्धर |
| २ | धर्मकीर्ति पुस्तकालय | अम्बिका श्रेष्ठ |
| ३ | धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी वार्षिक प्रतिवेदन | लोचनतारा तुलाधर |
| ४ | शनीवारिय कक्षा सञ्चालन तथा आर्थिक प्रतिवेदन | श्यामलाल चित्रकार |

यस कार्यक्रममा अध्ययन गोष्ठीले आगामी वर्षमा अझ बढी प्रगतिशील कार्य सञ्चालनार्थ गर्नुपर्ने कार्यहरूबारे विभिन्न व्यक्तिहरूले सल्लाह एवं सुझावहरू प्रस्तुत गरिएको थियो । ती मध्ये केही सुझावहरू यसरी रहेका छन्–

- गाउँ घरहरूमा पनि यस संस्थाले आफ्नो कार्यक्रमहरू विस्तार गर्दै लानुपर्ने ।
- धम्मवती गुरुमांको गुण एवं योगदानलाई कदर गरी अध्ययन गोष्ठीको तर्फबाट "धर्मकीर्ति धम्मवती सिरपा:" खडा गर्ने । महिला उपासिकाहरू जसले धर्म क्षत्रमा विशेष योगदान पुऱ्याउने छ उसलाई यो पुरस्कार प्रदान गरिनेछ ।
- अश्वघोष भन्तेको गुण एवं योगदानलाई कदर गरी अध्ययन गोष्ठीको तर्फबाट धर्मकीर्ति अश्वघोष सिर पाः खडा गर्ने । पुरुष उपासकहरू जसले धर्म क्षत्रमा विशेष योगदान पुऱ्याउनेछ, उसलाई यो पुरस्कार प्रदान गरिनेछ ।

यदि यो पुरस्कार कार्यान्वयन भए यसको लागि आवश्यक आर्थिक भार भिक्षु अश्वघोष एवं भिक्षुणी धम्मवतीकी शिष्या रीना तुलाधरले व्यहोर्ने जानकारी पनि दिइएको थियो ।

कार्यक्रममा वर्षभरी संयोजक भई आफ्नो दायित्व निभाउनुभएका व्यक्तित्वहरूलाई भिक्षु अश्वघोष महास्थविरले पुरस्कार प्रदान गर्नुभएको थियो ।

यसदिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीमा परि वारहरूले बाह्य क्षेत्रमा पनि आफ्नो विशेष योगदान पुऱ्याए वापत सम्मान गरिएको थियो । यसको विवरण तल दिइएको छ ।

नेपालभाषा साहित्यिक क्षेत्रमा सेवा पुऱ्याएवापत लोचनतारा तुलाधर जरीमैंया साखः सिरपा पुरस्कृत २०६७ ।

नेपालभाषा साहित्यिक क्षेत्रमा सेवा पुऱ्याए वापत प्राज्ञ रीना तुलाधर जरी मैंया साखः सिरपा पुरस्कृत २०६८ ।

*बालसेवा मा.वि.का प्रधान अध्यापिका -*
प्रफुल्लकमल ताम्राकार ।

*शान्तिशिक्षा मन्दिरका प्रधान अध्यापिका -*
अमीरकुमारी शाक्य ।

सम्मानित व्यक्तित्वहरू मध्ये रीना तुलाधर र लोचनतारा तुलाधरले उहाँहरू सफल हुनसकेकोमा भिक्षु अश्वघोष एवं भिक्षुणी धम्मवतीको विशेष योगदान रहेको कुरा बताउनु भएको थियो ।

अश्वघोष भन्तेले बुद्ध शिक्षालाई व्यवहारमा उतारी सफल जीवन जिउन सकुन् भनी ओवादोपदेश दिनु भएको थियो ।

कार्यक्रममा डा. सुमन कमल तुलाधरले चारवटा



Downloaded from http://www.dhamma.digital

उद्देश्यहरूलाई स्मरणगरी आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो। रामकुमारी मानन्धरले उपस्थित सबैलाई धन्यवाद ज्ञापन गरी कुशुम गुरुमांले सभापतिको आसनबाट सभापति मन्तव्य व्यक्त गर्नुभई कार्यक्रम समापन गर्नुभएको थियो। कार्यक्रम उर्मिला ताम्राकारले सञ्चालन गर्नुभएको थियो ।

कार्यक्रमको तेस्रो चरणमा "खुरु-खुरु न्ह्यसः सुरु-सुरु सिरपा" कार्यक्रम प्रस्तुत गरी सही उत्तर दिने व्यक्तिलाई पुरस्कारको व्यवस्था गरी विकासरत्न तुलाधरले रोचक ढङ्गबाट सबैलाई प्रफुल्लित मुद्रामा कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी शनिवारिय कक्षा सञ्चालन प्रतिवेदन

*२०६८ चैत्र ४ गते*

*प्रस्तुत- श्यामलाल चित्रकार*

"**चिरंतिट्ठतु सद्धमो**" अर्थात् शुद्ध धर्म चीर काल सम्म रहि रहोस् । जुन धर्मले आफू र अरुलाई भलो गर्दछ, जुन धर्मले दुःख निवारण गरी भवमुक्ति दिलाइन्छ, जुन धर्ममा आर्य अष्टाङ्गिक मार्गहरू छन् त्यही शुद्ध धर्म हो । यही शुद्ध धर्म अध्ययन गर्ने र अध्यापन गराउने थलो हो "धर्मकीर्ति विहार" "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी"। अध्ययन गोष्ठी स्थापना भएको ४० वर्ष भइसके को यस अध्ययन गोष्ठीले शुद्ध धर्म प्रचारार्थ, पुस्तकहरू प्रकाशन, तालिम, भ्रमण बौद्ध विद्वानहरूलाई सम्मान, अल्पकालिन प्रव्रज्या इत्यादि कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ। स्थापना काल देखि हरेक शनिवार विहान ८:३० बजे भिक्षु, भिक्षुणी र बौद्ध विद्वानहरूबाट प्रवचन तथा छलफल कार्यक्रम अटुट रुपमा सञ्चालन हुँदै आउनु यस अध्ययन गोष्ठीको मुख्य विशेषता भन्नुमा अत्युक्ति नहोला। लामो समय देखि सञ्चालन हुँदै आएता पनि त्रुटी रहित भन्न नसकिएला । कमी कमजोरीहरू महसुस नगरिएको पनि होइन। यस शनिवारिय कक्षालाई बढी सार्थक र उपयोगी बनाउन हामी सबै सदस्यहरूको कर्तव्य हो । आवासिय सघन तालिम, निश्चित विषयमा छोटो अवधिको दैनिक कक्षा इत्यादि अन्य प्रभावकारी तरिका अपनाउने बारे विचार विमर्स गर्न प्रस्ताव राख्दछौं ।


२०६८ वैशाख देखि फागुन सम्मको ४८ वटा शनिवारहरू मध्ये चाडपर्व भ्रमण तथा अन्य कार्यक्रमहरूले गर्दा १० वटा शनिवारहरूमा कक्षा सञ्चालन भएन । बाँकी ३८ वटा शनिवारहरूमा निम्न श्रद्धेय भन्तेहरू, गुरुमाँहरू र अन्य बौद्ध विद्वानहरूले निम्न कक्षाहरू लिनु भएको थिए–

| | |
|---|---|
| १) संघनायक श्रद्धेय अश्वघोषभन्ते, ८ | २) श्रद्धेय धम्मावती गुरुमा, १ |
| ३) श्रद्धेय पियदस्सी भन्ते, १ | ४) श्रद्धेय केशावती गुरुमां, ४ |
| ५) श्रद्धेय धम्मदिना गुरुमां, १ | ६) श्रद्धेय अनुपमा गुरुमां, १ |
| ७) श्रद्धेय इन्दावती गुरुमां, १ | ८) श्री मदनरत्न मानन्धर, ९ |
| ९) श्रीमती उर्मिला ताम्राकार, ३ | १०) श्री देवकाजी शाक्य, २ |
| ११) श्री त्रिरत्न मानन्धर, २ | १२) श्री नविन चित्रकार, २ |
| १३) डा. श्री भद्ररत्न वज्राचार्य, १ | १४) डा. श्री कविन्द्र वज्राचार्य, १ |
| १५) श्री श्यामलाल चित्रकार, १ | |

जम्मा ३८ दिन कक्षा सञ्चालन ।

उहाँ सबै प्रवचक प्रवचिकाहरूलाई यस अध्ययन गोष्ठी परिवारले हार्दिक कृतज्ञता अर्पण गर्दछ। यसप्रकार निरन्तर सहयोगको लागि अपेक्षा गर्दछौं। श्रद्धेय भिक्षुणी इन्दावती गुरुमांको सक्रिय संयोजकत्वमा समयमै प्रवचक प्रवचिकाहरू सम्पर्क राख्नु भई कक्षा सञ्चालन हुन गइरहे कोमा उहाँ गुरुमांलाई धन्यवाद ज्ञापन गर्दछौं । साथै सहभागीहरूलाई चिया, जलपान तथा अन्य सहयोग गर्नेहरूलाई पनि धन्यवाद ज्ञापन गर्दछौं ।

## वृहत्तर लुम्बिनी विकास राष्ट्रिय निर्देशक समितिमा थप सदस्यहरू



*भिक्षु कोण्डञ्ञ*

नेपाल सरकारले पूर्व प्रधान मन्त्री पुष्पकमल दाहालको अध्यक्षतामा वृहत्तर लुम्बिनी विकास राष्ट्रिय निर्देशक समिति गठन गरिएको कुरा सर्वविदितै छ । २०६८ फागुन ३० गते बसेको उक्त समितिको बैठकले बौद्ध समुदाय महायानको तर्फबाट आचार्य नोर्बु शेर्पा, बज्रयान तर्फबाट डा. नरेश वज्राचार्य, थेरवादको तर्फबाट भिक्षु कोण्डञ्ञ र महिला समदायको तर्फबाट उद्यमी संगीता श्रेष्ठलाई यस समितिको सदस्यको पदमा मनोनित गरिएको समाचार छ ।



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
## आर्थिक प्रतिवेदन

*२०६८ चैत्र ४ गते ।*

*प्रस्तुती- कोषाध्यक्ष श्यामलाल चित्रकार*

वि.सं. २०६७ साल चैत्र २७ देखि २०६८ साल चैत्र ३ गते सम्मको निम्न विवरण अनुसार जम्मा आम्दानी रु. २,१८,७०४/१४ मध्ये रु. १,५०,८६१/०२ खर्च भई रु. ६७,८४३/१२ वचत भएको छ । आजको मितिमा बैंक मौज्दात रु. ४३,२२०१/४८ रहेको छ ।

| क्र.सं. | | विवरण | आम्दानी | खर्च | वचत (न्यून) |
|---|---|---|---|---|---|
| क | | कार्यक्रमहरू | | | |
| | १ | वार्षिक भेला | १५,२६०/- | १५,७५९/- | (४९९/-) |
| | २ | बुद्ध जयन्ती | – | २७५/- | (२७५/-) |
| | ३ | प्रव्रज्या दिवस | ५,३००/- | ६,५८६/- | १,२८६/- |
| | ४ | पहिलो र दोस्रो पटक कपन गुम्वा भ्रमणबाट वचत | १०,८००/- | – | १०,८००/- |
| | ५ | तेस्रो पटक कपन गुम्वा भ्रमणबाट वचत | ३,७३५/- | – | ३७३५/- |
| | ६ | श्रद्धेय धम्मवती गुरुमां जन्मोत्सव | – | ३,०००/- | (३,०००/-) |
| | ७ | बौद्ध प्रौढ हाजिरी जवाफ प्रतियोगिता | १५,००४/- | ११,२०४/- | ३,८००/- |
| | ८ | श्रद्धेय अश्वघोष भन्ते जन्मोत्सव | – | ३०००/- | (३,०००/-) |
| | ९ | गुरु पुन्हि | ८,६०८/- | ८,६०८/- | – |
| | १० | बौद्ध बाल चित्रकला प्रतियोगिता | ४,६४०/- | ५,१६१/- | (५२१/-) |
| | ११ | श्रद्धेय कमला गुरुमा अभिनन्दन | – | ८००/- | (८००/-) |
| | १२ | अल्पकालिन ऋषिणी तथा श्रमणेर प्रव्रज्या | १,०८,०५०/- | ७७,३३३/- | ३०,७१७/- |
| | | **जम्मा** | १,७१,३९७/- | १,३१,७२६/- | ३९,६७१/- |

| ख | | अन्य आम्दानी खर्चहरू | | | |
|---|---|---|---|---|---|
| | | विवरण | आम्दानी | खर्च | वचत (न्यून) |
| | १ | ब्याज आम्दानी एक्सप्रेस | २७,९५०/१४ | | |
| | २ | ब्याज आम्दानी शुभगणपति | ८,९५८/- | | |
| | ३ | सदस्यता शुल्क | ९,६२०/- | | |
| | ४ | सहयोग | ५००/- | | |
| | ५ | फुटकर आम्दानी | २७९/- | | |
| | ६ | ब्याजकर | | १२६०/०२ | |
| | ७ | उपहार खरिद | | ४०७५/- | |
| | ८ | विज्ञापन खर्च | | ३०००/- | |
| | ९ | श्रद्धेय धम्मावती गुरुमालाई औषधि खर्च | | १०,८००/- | |
| | | **जम्मा** | ४७,३०७/१४ | १९,१३५/०२ | २८,१७२/१२ |



Downloaded from http://www.dhamma.digital

| क्र.सं. | | विवरण | आम्दानी | खर्च | वचत (न्यून) |
|---|---|---|---|---|---|
| ग | | क र ख जम्मा | २,१८,७०४/१४ | १,५०,८६१/०२ | ६७,८४३/१२ |
| घ | १ | गत वर्षको बैङ्क मौज्दात | ३,४३,५८४/३६ | | |
| | २ | गत गर्षको पेश्की | २००००/- | | |
| | ३ | यस वर्षको वचत | ६७८४३/१२ | | |
| | ४ | दिन बाँकी वार्षिक भेला | ४९९/- | | |
| | ५ | दिन बाँकी बुद्ध जयन्ती | २७५/- | | |
| | | **जम्मा** | ४,३२,२०१/४८ | | |
| ङ | | यस वर्षको मौज्दात | | | |
| | १ | ए.स.एण्ड के. मुद्दती | | २,००,०००/- | |
| | २ | ए.म.एस.के. वचत | | १,०२,८१८/८१ | |
| | ३ | शुभगणपति मुद्दती | | १,००,०००/- | |
| | ४ | शुभगणपति वचत | | २३८८१/- | |
| | ५ | ने.बै.लि. चल्ती | | ५,५०१/६७ | |
| | | **जम्मा** | | ४,३२,२०१/४८ | |

## वर्ष २९, अङ्क १ देखि १२ सम्म धर्मकीर्ति पत्रिका ग्राहक बनाई सहयोग गर्नुहुने महानुभावहरू

१) प्रेमलक्ष्मी तुलाधर, ङत
२) कर्णदेवी तुलाधर, भोटाहिटी
३) ज्ञानदेवी शाह, कालिमाटी
४) प्रेमशोभा कंसाकार, डल्लु
५) मन्दिरा ताम्राकार, मरु
६) वीरेन्द्र शाक्य, पाटन
७) अमिरकुमारी शाक्य, ढल्को
८) सरीता मानन्धर, कमलादी
९) जनकमाया रञ्जित, छावनी
१०) सिसिल चित्रकार, मैती
११) चम्पा महर्जन, त्यौड
१२) नीलशोभा ताम्राकार, भोटाहिटी
१३) बौद्ध जन विहार, सुनागुठी
१४) प्रदीप शाक्य, नयाँ बानेश्वर
१५) रुपशोभा शाक्य, सामाखुसी
१६) त्यागवती गुरुमाँ, धर्मकीर्ति विहार
१७) प्रफूल्लकमल ताम्राकार, सितापाइला
१८) विकाशरत्न तुलाधर, बोधिचुक असन
१९) अगम्यरत्न कसाः, मासंगल्ली
२०) रविनारायण मानन्धर, तँलाक्षी
२१) पूर्णहिरा तुलाधर, टेंगल
२२) कृष्णकुमार प्रजापती, नगदेश ठिमी
२३) चमेली गुरुमां, धर्मकीर्ति विहार
२४) ज्ञानेन्द्र महर्जन, चागल
२५) रोशनकाजी तुलाधर, भोटाहिटी
२६) अशोककुमार महर्जन, नयाँबजार
२७) मिनशोभा शाक्य, टेंगल
२८) महेन्द्रकुमार उपासक, कीर्तिपुर
२९) श्यामलाल चित्रकार, भाटभटेनी
३०) सहना मानन्धर, ताहाचल
३१) तारादेवी तुलाधर, तँलाक्षी
३२) पूर्णमान महर्जन, लुभू
३३) रामकृष्ण वैद्य, भक्तपुर
३४) कमल बज्राचार्य, झ्वावहाः
३५) प्रेमकाजी बनिया, झ्वःछें
३६) कमला बज्राचार्य, वसन्तपुर
३७) इन्दावती गुरुमां, धर्मकीर्ति विहार
३८) दसनारायण महर्जन, खुसीबुं
३९) अनुपमा गुरुमां, धर्मकीर्ति विहार
४०) निर्मलमान तुलाधर, दल्लु
४१) हिराकाजी सुजिका, नागवहाःयल
४२) दानवती गुरुमां, धर्मकीर्ति विहार
४३) अश्वघोष भन्ते, संघाराम विहार
४४) राहुल भन्ते, बनेपा
४५) वीर्यवती गुरुमां, धर्मकीर्ति विहार
४६) धनबहादुर नकर्मी, ढल्को
४७) रामेश्वरी महर्जन, बनस्थली

**काठमाडौंबाट बाहिरी जिल्लाका–**

४८) विमल बहादुर शाक्य, बुटवल
४९) नीलकुमारी स्थापित, धरान
५०) विद्या शाक्य, धरान
५१) याम शाक्य, बेनी
५२) लालबहादुर चौधरी, उदयपुर
५३) प्रकाशमान शाक्य, बिराटनगर
५४) विमलमान बज्राचार्य, तानसेन

*ग्राहक बनाई सहयोग गर्नुहुने महानुभावहरूलाई धर्मकीर्ति पत्रिकाले साधुवाद प्रकट गरी अर्को वर्षमा पनि यसरी नै सेवा पुऱ्याई पूण्य आर्जन गर्न सकुन् भनी कामना गरेको छ । - व्यवस्थापक*



Downloaded from http://www.dhamma.digital

## धर्म प्रचार —— समाचार

### ज्येष्ठ नागरिक सम्मान

*२०६८ चैत्र १ गते*
*स्थान- गणमहाविहार, काठमाडौं*

धर्मविजय पदनम गण महाविहारको तत्वावधानमा काठमाडौं र बनेपाका ७५ जना वृद्ध वृद्धाहरूलाई ज्येष्ठ नागरिक सम्मान गर्ने कार्य सम्पन्न गरेको समाचार प्राप्त भएको छ । ऐतिहासिक गण महाविहारको स्थापनाकाल देखि वर्तमान समयसम्म बुद्ध धर्म संरक्षण सम्वर्धन कार्यमा आफ्नो सम्पूर्ण जीवन अर्पण गर्नुहुने ७० वर्षभन्दा बढी उमेरका उपासकोपासिकाहरूलाई यसरी सम्मान गरिएको कुरा बुझिएको छ । अखिल नेपाल भिक्षु महासंघका संघनायक भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्यमा सञ्चालित उक्त कार्यक्रममा ज्येष्ठ नागरिकको रुपमा सहभागी रहनु भएका ७७ जना वृद्ध वृद्धाहरूलाई खादा ओढाई सम्मान गरिएको थियो । भिक्षु महासंघका दर्जनौं सदस्यहरूको समुपस्थितिमा सञ्चालित उक्त कार्यक्रममा आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै भिक्षु अश्वघोषले भन्नुभयो–

"भिक्षु सोभितले समय समयमा ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गर्नुभई वृद्ध वृद्धाहरूको आत्म गौरव बढाउने प्रशंसनिय कार्य गर्नु भएको छ । यस कार्यलाई बुद्ध धर्म प्रचार कार्यको एक नौलो माध्यम भन्न सकिन्छ ।"

यस समारोहमा संघ उपनायक भिक्षु कुमार काश्यप महास्थविरको स्वास्थ्य उपचारार्थ सेवा उपलब्ध गराएवापत भिक्षु कोण्डञ्ञलाई पनि विशेष उपहार प्रदान गरी भिक्षु सोभितले सम्मान गर्नुभएको थियो ।

उक्त कार्यक्रममा सबै वृद्ध वृद्धाहरूलाई दान प्रदान गरी जलपान गराइएको थियो ।

### रजत जयन्ती समारोह सम्पन्न

श्रद्धेय संघ नायक भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्यमा युवा बौद्ध पुचः भक्तपुरको २५ औं वार्षिकोत्सव (रजत जयन्ती) समारोह मुनि विहारमा ने.सं. ११३२ शिलागा २ (२०६८ फागुन २७ गते सम्पन्न भएको समाचार छ । संस्थाका अध्यक्ष धर्मरत्न शाक्यको सभापतित्वमा सम्पन्न भएको उक्त समारोह पञ्चशील प्रार्थनाबाट शुरु भएको थियो भने प्रमुख अतिथि भिक्षु अश्वघोष महास्थविरले सारगर्भित धर्म देशना गर्नुभएको थियो । यसको अतिरिक्त उक्त समारोहमा काठमाडौं युवा बौद्ध समूहका अध्यक्ष त्रिरत्न मानन्धर, भक्तपुर मैत्रीय युवा बौद्ध संघका अध्यक्ष तिर्थराज बज्राचार्य, प्रा. श्री सुवर्ण शाक्य र भक्तपुर बौद्ध संघका अध्यक्ष त्रिरत्न शाक्य र रामकृष्ण वैद्य आदि विभिन्न व्यक्तिहरूले सारगर्भित मन्तव्य दिनुभएको थियो ।

संघनायक महास्थविरले पानसमा बत्ति बालि उद्घाटन गर्नुभएको उक्त समारोहमा संघका सचिव तुल्सीकाजी मानन्धरले प्रतिवेदन प्रस्तुत गर्नुभयो । अन्तमा उपहार प्रदान भएको थियो ।

### लुम्बिनीमा नेवाः शैलीको विहार

बुद्ध जन्मस्थल लुम्बिनीमा नेवाः परम्परा अनुरुप विहार बनाउनको लागि हालै मात्र जग राख्ने काम सम्पन्न भएको छ । नेपाल परम्परागत बौद्ध धर्म संघको आयो जनामा वज्रयानी विहार बनाउने कार्य शुरु भएको हो ।

यस विहार बनाउनको लागि ४८ वटा पिलर खडा गर्नको लागि बज्राचार्यहरूले पूजाविधि पूरा गरेर कलश प्रतिस्थापन गर्नु भएको हो । यस विहार निर्माण कार्य तीन वर्ष भित्र सम्पन्न गर्ने योजना रहेको बुझिएको छ । यो विहार आफ्नै ढंग नेवाः शैलीमा बनाउने भनिएको छ ।

यस विहार बनाउन हालसम्म ८० लाख रुपियाँ सहयोग स्वरुप प्राप्त भएको समाचार छ । यस कार्य सम्पन्न गर्नको लागि डा. श्री नरेश बज्राचार्य अग्रसर रहनु भएको समाचार छ ।

त्यस्तै लुम्बिनीमा अखिल नेपाल भिक्षु महासंघबाट पनि थेरवाद विहार बनाउनको लागि लुम्बिनी विकास कोषले जग्गा प्रदान गरिएको समाचार छ । पर्खाल बनाउने कार्य शुरु भइसकेको उक्त कार्यको लागि सहयोगको अपेक्षा राखिएको कुरा पनि बुझिएको छ ।

### थेरवादी बौद्ध संस्कारबाट विवाह कार्य सम्पन्न

२०६८ फागुन २३ का दिन नगदेश बुद्ध विहारको धम्महलमा उपासिका रामकेशरी मेजुको उपासक दीपेन्द्र प्रजापतिसित थेरवादी बौद्ध संस्कारबाट श्रद्धेय भिक्षु शरणंकर लगायत भिक्षु संघको तर्फबाट पवित्र



Downloaded from http://www.dhamma.digital

परित्राण पाठ गराई प्रणय सूत्रमा आवद्ध गराई विवाह कार्य सम्पन्न गरिएको समाचार छ। वरवधुलाई पञ्चशील प्रार्थना गराई पञ्चशीलमा प्रस्तुत गरिएका ५ वटा नियमहरू पालन गर्नुपर्ने प्रतिबद्धता बुद्धमूर्ति समक्ष गराइएको थियो। भिक्षु शरणंकरले बुद्धकालिन घटनाबारे धर्मदेशना गर्नुभएको उक्त कार्यक्रमको अन्त्यमा सामूहिक पूण्यानुमोदन गरिएको थियो।

## मैत्री बोधिसत्व महाविहारमा बुद्धपूजा

धम्मवती गुरुमांको नेतृत्व एवं श्याममान बज्राचार्यको अध्यक्षतामा हरेक महिनाको औंशी पछिको अष्टमीको दिन मैत्री बोधिसत्व महाविहारमा बुद्धपूजा सञ्चालन भइरहेको सर्वविदितै छ। यही क्रमानुसार २०६८ फागुन १८ गतेका दिन सञ्चालित बुद्धपूजा कार्यक्रममा कुशुम गुरुमांले बुद्धपूजा कार्यक्रम सञ्चालन गर्नुभई धर्मदेशना गर्नुभएको थियो। यसदिन धर्मकीर्ति ज्ञानमाला भजनको तर्फबाट भजन प्रस्तुत गरिएको थियो।

यसदिन कार्यक्रममा उपस्थित हुनुभएका सबै श्रद्धालुहरूका लागि जलपान दान गर्नुभई पूण्य सञ्चय गर्नुहुने दाताहरूको नाम यसरी रहेको छ– दानकेशरी शाक्य, चिनीयादेवी शाक्य, मथुरा शाक्य र हरीवदन शाक्य। दाता परिवारको तर्फबाट ज्ञानमालालाई सहयो गार्थ रु. २०००/- चन्दा प्रदान गरिएको थियो।

यसरी नै २०६८ माघ १७ गते कुशुम गुरुमांबाट धर्मदेशना हुनुका साथै धर्मकीर्ति ज्ञानमाला भजन समूहले भजन प्रस्तुत गरिएको थियो। यसदिन माणिक लक्ष्मी तुलाधरबाट जलपान व्यवस्था मिलाई पूण्य सञ्य गरिएको थियो।

## विशेष धार्मिक महोत्सव विषय

पूज्य धम्मवती गुरुमांको ७७ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा लुम्बिनीमा २०६७ फागुन ५ गते ७ गतेसम्म विशेष धार्मिक महोत्सवको आयोजना गरिएको थियो। उक्त महोत्सव विवरण विषयमा खिचिएको घटनाहरू संगालिएको डिभिडी दाता विजयबहादु र श्रीमती दिव्यलक्ष्मी शाक्य सपरिवार मानभवनको तर्फबाट १०० प्रति प्रकाशन गरी धर्मदान गरिएको थियो।

## श्रद्धाञ्जली सभा सम्पन्न

दिवंगत हुनुभएका उपसंघनायक भिक्षु कुमार काश्यप महास्थविरको पुण्य स्मृतिमा आनन्दकुटी विहार स्वयम्भूमा आनन्दकुटी संस्थाका अध्यक्ष भिक्षु मैत्रीको सभापतित्वमा, संघनायक भिक्षु अश्वघोष महास्थविर सहित सैकडौं भिक्षुहरूको उपस्थितिमा भव्य रुपमा भावपूर्ण श्रद्धाञ्जली सभा सम्पन्न गरिएको समाचार छ।

श्रीलंकाका राजदूत प्रमुख हजारौं भक्तजनहरू लगायत थुप्रै संघसंस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको उक्त श्रद्धाञ्जली सभा अखिल नेपाल भिक्षु महासंघको तत्वावधानमा सम्पन्न भएको थियो।

यसरी नै गण महाविहारमा पनि दिवंगत उपसंघनायक भिक्षु कुमार काश्यप महास्थविरको पूण्य स्मृतिमा भव्य रुपमा श्रद्धाञ्जली सभा सम्पन्न गरिएको समाचार छ।

यसरी नै धर्मोदय सभाका धर्मानुशासक संघ उपनायक भिक्षुकुमार काश्यप महास्थविर दिवंगत हुनुभएकोले उहाँको गुणानुस्मरण गरी धर्मोदय सभाले उक्त सभाका अध्यक्ष भिक्षु ज्ञानपूर्णिक महास्थविरको सभापतित्वमा श्रद्धाञ्जली सभाको आयोजना गरिएको थियो।

नगदेश बुद्ध विहारको धम्महलमा नगदेश बौद्ध समूह र ज्ञानमाला भजन खलः नगदेशको संयुक्त आयोजनामा श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविरको गुणानुस्मरणमा वहाँको सद्‌गति र निर्वाण कामना गरी चिल्लाथ्व-८ को दिनमा सामूहिक बुद्धपुजा सम्पन्न गरियो। सो बुद्धपूजाको क्रममा नगदेश बौद्ध समूहका सचिव उपासक कृष्णाकुमार प्रजापतिले श्रद्धेय भिक्षुको जीवनी र बुद्धशासनिक कार्यमा वहाँको अतुलनीय अविष्मरणीय ऐतिहासिक योगदानबारे तार्किक एवं मार्मिक ढङ्गले प्रस्तुत गरी उपस्थित सबैको ध्यानाकर्षण गराउनुभयो। श्रद्धेय भिक्षुकुमार काश्यप महास्थविर नेपालको एकल त्रिपिटकाचार्यको रुपमा दर्ज हुनुभएको थियो। सो भन्ते नगदेशका कुलपुत्र श्रामणेरहरू जो हाल मित्रराष्ट्र श्रीलंकामा अध्ययनरत हुनुहुन्छन्, का गुरु भन्ते हुनुहुन्थ्यो।

## युवा बौद्ध पुचः भक्तपुर रजत जयन्तीमा रजत स्मारिका लोकार्पण

युवा बौद्ध पुचः भक्तपुरले आफ्नो रजत जयन्तीको उपलक्ष्यमा रजत स्मारिका लोकार्पण गरिएको समाचार प्राप्त भएको छ। उक्त उपलक्ष्यमा कार्यक्रम श्रद्धेय संघनायक भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्यमा संचालन गरिएको थियो। शिल प्रार्थना पश्चात् भिक्षु अश्वघोषबाट स्मारिका लोकापर्ण गरिएको उक्त कार्यक्रममा दिवंगत संघ उपनायक भिक्षुकुमार काश्यप



Downloaded from http://www.dhamma.digital

महास्थविरको पूण्य स्मृतिमा एक मिनेट मौन धारण गरिएको थियो । युवाबौद्ध पुचः भक्तपुरका उपाध्यक्ष शाक्यान शाक्यज्यूबाट स्वागत भाषण पछि रोशनकुमार राज-भण्डारीले स्वागत गीत प्रस्तुत गरिएको उक्त कार्यक्रममा पुचःका सचिव तुलसीकाजी मानन्धरले पुचःको प्रतिवेदन प्रस्तुत गरिएको छ ।

उक्त कार्यक्रममा अतिथी मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी रहनुभएका थिए– प्राध्यापक सुवर्ण शाक्य, सुचित्रमान शाक्य, त्रिरत्न शाक्य, त्रिरत्न मानन्धर, वसन्तरत्न वज्राचार्य, रत्नसुन्दर शाक्य, तिर्थराज वज्राचार्य, भिक्षु अश्वघोष महास्थविर आदि ।

देवचन्द्र वज्राचार्यले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा ज्ञानबहादुर मानन्धरले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने धर्मरत्न शाक्यले आफ्नो मन्तव्य व्यक्त गर्नुभई सभा विसर्जन गर्नुभएको थियो ।

## एकदिने निःशुल्क आँखा उपचार शिविर सञ्चालन

भगवान् बुद्धद्वारा परित्यक्त "२५५६ औं आयु संस्कार परित्याग दिवस" को गुणानुस्मरण गरी तिलगङ्गा आँखा प्रतिष्ठानको सहयोगमा नदगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुचः नगदेशको संयुक्त आयोजनामा २०६८ फागुन १३ गते, शनिवारका दिन नगदेश बुद्ध विहारको प्राङ्गणमा एकदिने निःशुल्क आँखा उपचार शिविर सञ्चालन गरिएको समाचार छ। उक्त शिविरमा मध्यपुर थिमि नगर क्षेत्रका २८० जना महानुभावहरूले नेत्र परीक्षण गराई लाभार्जन गर्नुभएको थियो। सो शिविरमा नेत्र विशेषज्ञ श्री कृष्णगोपाल श्रेष्ठको अगुवाइमा सेवा सञ्चालन गरिएको थियो । सो कार्यक्रममा ९३ जना पुरुषहरू र १८७ जना महिलाहरूको नेत्र परीक्षण गराउँदा १० जनालाई "मोतिबिन्दु" भएको थाहा हुन आएको थियो । उक्त "मोतिया बिन्दु रोगीहरू" लाई तिलगङ्गा आँखा प्रतिष्ठानमा निःशुल्क शल्यक्रिया (अपरेशन) आइतवार र बुधवार गर्ने गराउने कार्यक्रम रहेको छ। अतः वहाँहरूको स्वास्थ्यलाभको समेत कामना आयोजक संस्थाले गरेको छ । निकट भविष्यमा "आँखादान-महादान" कार्यक्रम गर्ने योजना समेत भएको इच्छुक दाता महानुभावहरूले आयोजक संस्थासित शिघ्र सम्पर्क राखी दान कार्य सम्पन्न गरी पूण्यार्जन गर्नु हुन समेत सूचित गरिएको छ ।

भवतु सब्ब मंगलं !

## शाक्यमुनी कीर्ति विहार निर्माणको लागि सहयोग गर्नुहुने दाताहरूको नामावली–


१) दिवंगत निकेको पूण्यस्मृतिमा नानीछोरी महर्जन, ठमेल (कोठा निर्माणको लागि) रु. ३,३५,०००/-
२) दिवंगत कुलरत्न वसीको पूण्यस्मृतिमा मदनशाक्य, पाटन रु. १,००,०००/-
३) सिद्धिबहादुर चन्द्रमाया महर्जन, किपुल्चा रु. १,००,०००/-
४) भिक्षु शान्तचित्त, इन्डोनेशिया रु. २१,०००/-
५) द्रव्यमानसिंह -भाइराजा) तुलाधर रु. ५०,०००/-
६) भिक्षु सुमणकीर्ति, बलम्बु रु. ८,०००/-
७) दो गुणवती गुरुमां, म्यानमार रु. १५,०००/-
८) डा. दो मोलिनी गुरुमां र डा. धम्मविजया गुरुमां, किम्डोल विहार रु. २५,०००/-
९) लक्ष्मीदेवी (झुनु) मानन्धर (पिलर १ थानको लागि), लाजिम्पाट रु. १३,०००/-
१०) गुलुपाःरत्न स्थापित रु. १३,०००/-
११) चमेली गुरुमां, धर्मकीर्ति विहार रु. ५,०००/-
१२) अनोजा गुरुमां सुलक्षणकीर्ति विहार, चोभार रु. ५,०००/-
१३) सुमेधावती गुरुमां, धरान रु. ५,०००/-
१४) शान्तिवती गुरुमां सहित पञ्चचैत्य विहार, बुटवल रु. ५,०००/-
१५) दानमाया महर्जन, बनस्थली रु. ५,०७०/-
१६) लक्ष्मी महर्जन, बनस्थली रु. ५,०००/-
१७) दिवंगत सासु लक्ष्मीनानीको पूण्यस्मृतिमा रजनी तुलाधर, ज्याठा रु. ५,०००/-
१८) नानीशोभा महर्जन, नयाँबजार रु. ५,०५०/-
१९) कान्छी महर्जन, नैकाप तीनथाना रु. १०,०१०/-
२०) चिरणदेवी महर्जन, बनथोक रु. ५,००५/-
२१) हीरालाल जोशी, नैकाप तीनथाना रु. ५,००५/-
२२) स्व. गणेशको पूण्यस्मृतिमा सुनिल र शर्मिला महर्जन, घ्योनती सतुंगल रु. ५,५५५/-
२३) वसन्ती महर्जन सपरिवार, सतुंगल रु. ५,५५५/-
२४) चन्द्रबहादुर महर्जन, शंखननी, सतुंगल रु. ५,५०५/-
२५) बमनी महर्जन, नयाँबजार सतुंगल रु. ५,०००/-



Downloaded from http://www.dhamma.digital

# पूज्यपाद संघ उपनायक भन्तेया लुमन्ति श्रद्धाञ्जली

✍ **चन्द्रशोभा शाक्य कोविद,** ल.पु.



गुलिजक मैत्रीं भय्व्यूगु नुगः
खनेवं सकसितं म्हंफुला ? धकाः न्यनाबिज्याईगु
वन्दना याय्वं श्रद्धाभावं
मनहे स्वाँ ह्वय्क आशिर्वाद बिया बिज्याइगु
वसपोल बोधिचित्तं जाःम्ह पूज्यपाद भन्तेयात श्रद्धाञ्जली

गुलिजक यच्चुस्यच्वंगु नुगः
न्याबलें मुसु-मुसु न्हिलाः धया बिज्याइगु
स्कूलया आः जक ब्वनां मगाः मयूजु
धर्मया रसपान नं याय्माः न्है ?
अलेजक जहाँ थी तिमीला थें धयाबिज्याइगु
वसपोल त्रिपिटकाचार्य पूज्यपाद भन्तेयात श्रद्धाञ्जली

गुलिजक धार्मिक क्रान्तिं जाःगु नुगः ?
थःगु माँ भाय् व थःगु सँस्कृति म्वाकेगु जक मखु
बुद्ध धर्मया बबलाःगु थां स्वनेया लागि
सकसितं धर्म संवेगया पुसा ह्वलेया लागि नं
थःत थम्हं हे तंका बिज्याइम्ह
वसपोल पुण्यवान् पूज्यपाद भन्तेयात श्रद्धाञ्जली

गुलिजक अनित्य भावं जाःगु नुगः
तथागतया अमृतमय वचनयात स्वथना तया बिज्याइम्ह
न्याबलें अप्पमादेन सम्पादेथ लुमंका !
तथागतया वचन धकाः भ्रीत याय्का बिज्याइम
वसपोल पदीपमय पूज्यपाद भन्तेयात श्रद्धाञ्जली

गुलिजक उद्यमीशीलगु नुगः
न्याबलें उपासकोपासिकापिन्त ध्वाथ्वीक कनाबिज्याइम्ह
बुद्ध शासन न्ह्याकेया लागि श्रामणेर व गुरुमांपिन्त
अभिभावकया रुपय् कःघाना बिज्याइम्ह
वसपोल धर्मदूत पूज्यपाद भन्तेयात श्रद्धाञ्जली

गुलिजक प्रेरणादायक नुगः ?
न्याम्हसितं विहारय् वय्माः, धर्मदेशना न्यनेमाः
भिंपिनिगु संगत याय्माः धकाः कुतः चिना बिज्याइम्ह
मचांनिसें कयाः बुढा बुढीपिन्ति तकनं
नायूगु वचन व करुणाया दृष्टिं स्वयाः प्रभावित याना बिज्याइम्ह
वसपोल सद्धम्म जोतिक धजं पदं विभूषित भन्तेयात श्रद्धाञ्जली

गुलिजक करुणां जाःगु नुगः
सुं नं गरीब व असहायपिन्त
गुहाली याय् दय्व लय्ताया बिज्याइम्ह
दशपारमिताया ज्याभः छ्य्ला बिज्याइम्ह
वसपोल पारमिता ज्ञानं सम्पन्नम्ह पूज्यपाद भन्तेयात श्रद्धाञ्जली

गुलिजक घिसिमिसि धाःगु नुगः
स्वयम्भू तं गय्गु व गःचाः हिलेगु जक मखु
राणा शासनकालय् धर्म रक्षाया क्रान्ति याय्त
म्हासुगु चीवरधारी भ्रण्डा ब्वय्केत तकनं बलवानम्हः
वसपोल ऐतिहासिक पूज्यपाद भन्तेयात श्रद्धाञ्जली

वसपोल पूज्यपाद संघ उपनायक भन्ते
गुम्हसिनं जीवन पर्यन्त बुद्ध धर्मया पुसा ह्वला बिज्यात
गुगु धर्मया ख्यलय् छफुति जूसानं लः तिकि नंके फय्मा
वसपोलयागु वचन व गुणयात भचा जूसां छ्यले फय्मा
वसपोल पूज्यपाद भन्तेयागु शान्तिकामनार्थ
धर्म चीरस्थाई ज्वीमा धकाः मनन यानाः
श्रद्धाञ्जली दयछाना !



Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/६६

अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपज्जित्वा निरूज्झन्ति तेसंऊपसमो सुखो ॥

*जन्म :*
वि.सं. २०००
श्रावण २९ गते, शुक्रवार



*दिवंगत :*
वि.सं. २०६८
फागुन ८ गते, शनिवार

# दिवंगत चन्द्रशोभा कंशाकार

पूर्णहीरा भोजन पुचः धर्मकीर्ति विहारया दुजः
चन्द्रशोभा कंशाकार २०६८ फागुन ८ गते आकाभाकां दिवंगत जुयादिल ।
दिवंगत चन्द्रशोभाया छ्येंजःपिसं
थुगु दुःखद् घडी भगवान् बुद्धया अमूल्य ज्ञान
संसारया अनित्य दुःख व अनात्म स्वभाव धर्मयात थ्वीकाः
धैर्य धारणा याय् फय्मा ।
भोजन पुचःया मदुम्ह दुजः चन्द्रशोभायात
भिंगु गति प्राप्त ज्वीमा धकाः कामना यासे
पूण्यानुमोदन यानाच्वना ।

## पूर्णहीरा भोजन पुचः परिवार

**धर्मकीर्ति विहार, श्रीघः, नःघः**

मुद्रकः न्यू नेपाल प्रेस *प्रधान कार्यालय:* १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | फ्याक्स: ४४३३९२९ | newnepalpress@gmail.com
*व्यापारिक कार्यालय:* शुक्रपथ, काठमाडौं | फोन: ४२५९०३२, ४२५९४५० | फ्याक्स: (९७७-१) ४२६४७३७ | email: newnepalpress011@gmail.com

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**



“सिद्धार्थ कुमार” बोधिज्ञान प्राप्त गर्ने सिलसिलामा दुष्कर चर्या (कठोर तपस्या) मा लीन


वर्ष–२९; अङ्क–१२

बु.सं. २५५५, ल्हुति पुन्हि

Downloaded from http://www.dhamma.digital

# बुद्ध धर्मक्षेत्रमा एउटा चम्किलो दीप निभ्यो

✍ **गौतम शिशिर**, श्रीघः विहार



राणा शासन कालिन बुद्ध धर्म क्षेत्रमा
बलेको थियो झिलमिल एउटा दीप
२०६८ फागुन १४ गते निभ्यो त्यही दीप
श्रीलंकाबाट त्रिपिटकाचार्य बन्न सफल
एकैजनामात्र नेपालका लागि थिए उनी एकल
उपासकोपासिकाहरू भन्ने गर्छन्
सहनशील र मायालु थिए उनी
मैत्री र करुणाका साँचो धनी
अनन्त क्षितीजको शून्याकाशमा
जून बिलायो नि बुद्ध धर्म क्षेत्रमा
थेरवादी बुद्ध धर्मको एक अमूल्यरत्न
वाचा बन्धन सबलाई त्यागी
हरायो एकजना चीवरधारी
ऐतिहासिक व्यक्तित्व थिए उनी
संघ उपनायक कुमार काश्यप भन्ते उनी
निश्चल देहको मौन सन्देशले
सम्झना गरायो आज ती गुणहरूको
संगालिएका ती सबै थोक जीवन भरको
पलभरमा नै यसरी किन विसायो
मलाई आज यसैले कवि बनायो
२००१ साल श्रावण १५ गतेका दिन
श्री ३ जुद्ध शम्शेरको हुकुमी आदेशमा
देश निकाला हुनुपर्ने व्यक्तिहरू मध्येमा
पर्नुभएको थियो उहाँपनि व्यक्ति एकजना
बुद्धधर्म थेरवादलाई यस घटनाले गराउँछ सम्झना
कतिपय इच्छा मनमा संगाली
कतिपय पीर व्यथा पोखायो
किन्तु सबै स्वप्न सरी भनी देखायो
त्यसैले कालले उहाँलाई जब अपनायो
गुरु शिष्यहरूको मिलापलाई दैवले चुँडायो
बुद्ध धर्मको महत्व बुझेका बाल्यकालमै
श्रमण धर्मको मूल्यलाई पहिल्यायो
त्यसैले उनी शास्ताको पथगामिनी भयो
पानीको थोपा सरी बिलायो त्यो जीवन
रोगसंग संघर्ष गर्दै माटोसंग मिल्यो त्यो जीवन
जीवनमा गर्नुपर्ने चिन्तन हो
जन्म एकदिन मृत्यु एकदिन
यसरी रहेछन् जम्मा दुईदिन
नबुझेर मृत्युमा हामी रुन्छौं
अज्ञानताले रागी र अपराधी बन्छौं
यस हृदय विदारक घटनाले दियो शिक्षा
जगको नियम हो आउनु र जानु
के नै छ र पाप र धर्म बाहेक मरेर लानु
आफ्नो श्रमण धर्मको मूल्य लिएर गयो
भिक्षु कुमार काश्यप सदाको लागि विलायो

❖

## धर्मकीर्ति पत्रिका नवीकरण सम्बन्धी सूचना

धर्मकीर्ति पत्रिकाको वार्षिक ग्राहक शुल्क २०६८ चैत्र मसान्त सम्ममा समाप्त हुने भएकोले आगामी वर्ष २०६९ साल वर्ष ३० अङ्क १ देखि १२ सम्मको वार्षिक ग्राहक शुल्क नवीकरण गर्न हुनका लागि सम्पूर्ण ग्राहक महानुभावहरूलाई हार्दिक अनुरोध गर्दछौं। धर्मकीर्ति पत्रिकाको वार्षिक ग्राहक शुल्क रु. १००/– नै कायम गरिएको व्यहोरा यही सूचनाबाट अवगत गराइएको छ।

**– धर्मकीर्ति पत्रिका व्यवस्थापक**

Downloaded from http://www.dhamma.digital